# महिला हिंसाका घटना, उजुरी र
# पत्रपत्रिकामा प्रकाशित समाचारहरूको विश्लेषण

(दैनिक प्रेस क्लिपिङलाई आधार मानी तयार पारिएको)

**२०७३/०७४**


## राष्ट्रिय महिला आयोग

**२०७४**

नेपाल सरकार

**राष्ट्रिय महिला आयोग**

**National Women Commission**

भद्रकालीप्लाजा, काठमाडौं

# मन्तव्य

नेपालको संविधानले राष्ट्रिय महिला आयोगलाई लैंङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गर्ने र महिला हिंसा वा सामाजिक कुरीति विरुद्ध महिला अधिकारको प्रवर्द्धन गर्ने जस्ता विशेष जिम्मेवारी र दायित्व प्रदान गरेको छ । आयोगले यी जिम्मेवारी र दायित्वहरुलाई पुरा गर्न विभिन्न समयमा महिला अधिकारको सम्बर्द्धन र महिला हिंसा विरुद्ध सचेतना अभिवृद्धि गर्न विभिन्न अभियानहरु संचालन गर्दै आएको छ । महिलाको हक, हित र अधिकारको संवर्द्धन गर्ने कार्यमा सक्रिय रहनु, महिला सम्बन्धी नीति तथा योजना निर्माणमा सहयोग पुऱ्याउन विभिन्न आवश्यक कार्यहरु गर्नु राष्ट्रिय महिला आयोगका नियमित कार्यहरु नै हुन् । यसका लागि राष्ट्रिय महिला आयोगले विभिन्न क्षेत्र र निकायहरुले गर्ने कामहरूको लैङ्गिक अध्ययन तथा अनुगमन गरी सिफारिस गर्ने लगायतका कार्यहरू गर्दै आएको छ ।

यसै सन्दर्भमा आयोगले वर्षभरिमा विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित भएका महिला अधिकार, महिला हिंसा र लैङ्गिकतामा आधारित समाचारहरुलाई संकलन गरी नमूना तथा प्रतिनिधिमूलक समाचारहरुको अध्ययन र विश्लेषण गर्ने कार्य गरेको छ । यसले सञ्चार माध्यमहरुलाई महिलासँग जोडिएको समाचार हरुमा लैङ्गिंक सम्बेदनशीलतालाई ध्यान पुर्‍याउन, गोपनियता कायम गरी महिलाको हक अधिकारको संरक्षण र उपभोगमा सहयोग गर्न र हिंसामा परेका महिलाहरुको न्याय प्राप्तिको बाटोमा छापा माध्यमको विशेष सहयोग प्राप्त गर्ने कार्यमा संचार क्षेत्रलाई सचेत गराउन सहयोग पुग्ने उद्देश्यका साथ यो पुस्तक तयार गरिएको छ ।

यस अध्ययनका लागि प्रत्यक्ष वा अप्रत्यक्ष ढंगबाट सहयोग गर्ने आयोगका कर्मचारीहरु सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु । अन्त्यमा, यस अध्ययन प्रतिवेदन तयार गर्ने अध्ययनकर्ता अधिवक्ता पुरुषोत्तम मिश्रलाई विशेष धन्यवाद दिन चाहन्छु ।

तुलसी राम सेडाई
सचिव
राष्ट्रिय महिला आयोग

मितिः २०७४ मंसिर

# विषय सूची


१. परिचय

१.१ पृष्ठभूमि १

१.२ अध्ययनको उद्देश्य २

१.३ अध्ययनको विधि २

१.४ अध्ययनको सीमा ३

१.५ अध्ययन अर्न्तगत समेटिएका समाचारहरु ३

२. समाचारमा महिलाका सवालहरु ५

२.१ प्रेस स्वतन्त्रता सम्बन्धी कानूनी ब्यवस्थाहरु ७

३. विभिन्न पत्रपत्रिकामा महिला हिंसा ७

३.१ समाचारमा महिला हिंसा ७

३.२ समाचारमा गोपनियता ७

३.३ समाचारमा कानूनी सचेतना ८

३.४ महिला हिंसाका समाचारमा महिला/पुरुष सम्वाददाता ८

३.५ महिला हिंसा सम्बन्धी समाचारको पत्रपत्रिकामा स्थान ९

३.६ महिला हिंसाको समाचारमा स्रोतको भरपुर प्रयोग ९

३.७ महिला तथा बालिकाहरुलाई पीडित तथा दयनीय पात्रको रुपमा प्रस्तुत९

३.८ समाचारहरुमा लैङ्गिक संरचनाहरुको प्रभाव १०

३.९ महिला हिंसाका समाचारको निरन्तरता १०

३.१० समाचारमा भन्दा विभिन्न निकायहरुमा दर्ता भएका महिला हिंसाका घटनाहरु बढी १०

३.११ विभिन्न निकायहरुमा परेका महिला हिंसा सम्बन्धी उजुरीहरु १०

४. अध्ययनको निष्कर्ष र सुझावहरु १३

४.१ अध्ययनको निष्कर्ष १३

४.२ सुझावहरु १३

अनुसूची १७

# १. परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले राष्ट्रिय महिला आयोगलाई महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने, लैंगिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने, महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने लगायतका संवैधानिक अधिकार प्रदान गरेको छ । तसर्थ महिला अधिकारको संरक्षण गर्नु र महिलामिाथ हुने कुनै पनि प्रकारका हिंसा तथा पिडाहरुको सम्बोधन गर्नु राष्ट्रिय महिला आयोगको संवैधानिक जिम्मेवारी र दायित्व हो । महिलामिाथ भईरहेका यस्ता हिंसाहरुलाई सम्बोधन गर्न आयोगले त्यस्ता हिंसाहरुलाई सस्थागत गर्ने कुनै पनि औपचारिक तथा अनौपचारिक माध्यमहरुबाट भएका कार्यहरुको अध्ययन तथा अनुसन्धान गर्नु आवश्यक हुन्छ। त्यसमा पनि संचार माध्यमबाट यससँग सम्बन्धित भएर गरिने कुनै पनि कार्यले भने झनै महत्वपूर्ण अर्थ र प्रभाव कायम गर्दछ। यसै सन्र्दभमा राष्ट्रिय महिला आयोगले आ.व.२०७३/०७४ भित्र विभिन्न छापाहरुमा महिला हिंसा, महिलाको अधिकार र लैङ्गिक सवालहरुका सम्बन्धमा आएका समाचार, सूचना र सरोकारजन्य विषयहरुको अध्ययन गर्ने प्रयास गरेको छ।

नेपालमा महिलाले विभिन्न प्रकारका हिंसाहरु भोग्दै आएका छन् । सँस्कृति र परम्पराको नाममा अहिले पनि छाउपडी, बादी, बोक्सीको आरोपमा धेरै महिलाहरु पीडित हुने गरेका छन् । नेपाली समाजमा अहिले पनि बाल विवाह, बहु विवाह, घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार र महिलामाथिका हिंसाहरु व्यापक छन् र समाजमा अहिले पनि त्यस्ता घटनाहरुलाई समान्य रुपमा नै लिइने गरिएको छ। अनि त्यस्ता हिंसाहरुलाई कुनै न कुनै पक्षबाट संरक्षण र प्रोत्साहन गर्ने अन्धविश्वास, मान्यता, परम्परा, बुझाई र संरचनाहरु अझै पनि हाम्रो समाजमा कायमै छन् ।

मिडियाले समाजलाई मार्गनिर्देश गरिरहेको हुन्छ र आम मानिसहरुले यसलाई आफनो विचार, मान्यता र विश्वास आर्जन गर्ने मुख्य माध्यम पनि बनाईरहेका हुन्छन् । तसर्थ मिडियाले समाजका लागि अगाडिको गोरेटो कोरिरहेको हुन्छ। अनि समाजमा महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा हेरिने भएकोले समाचारका कुनै पनि माध्यमहरुमा आउने महिलाको सरोकार सम्बन्धी त्यस्ता समाचारहरुले समाजमा छुट्टै छाप र प्रभाव छोडेको हुन्छन् । अझ विशेष गरी महिला

र महिलाको व्यक्तिगत जीवन वा चरित्रसँग जोडिएर कुनै समाचार वा विषय बनाईएमा त्यसले तुरुन्तै व्यापकता पाउने हुनाले पनि यस्ता कुराहरुको अर्नगल प्रचारप्रसार बढी भएको हुन्छ। त्यस्ता समाचारहरुले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा महिलाको व्यक्तिगत अधिकारको हनन, गोपनीयताको उल्लंघन गर्नेदेखि सामाजिक मर्यादामा स्खलन गर्ने जस्ता कार्यहरुलाई मलजल पुर्‍याइरहेको हुन्छ भने कहिलेकांही मिडिया नै उनीहरुको न्याय प्राप्तिको सारथी बनिरहेको पनि हुन्छ । यसका लागि संचारको क्षेत्र लैङ्गिक रुपमा संवेदनशील, महिला प्रतिको सम्मानमा चेतनशील, अधिकारवादि दृष्टिकोणबाट उन्मुख र पछाडि पारिएका वा कमजोर वर्ग र समुदायप्रति उन्मुख हुन जरुरी हुन्छ।

## १.२ अध्ययनको उद्देश्यः

राष्ट्रिय महिला आयोयले यस प्रकारको अध्ययन गर्नुको मुख्य उद्देश्य भनेको सञ्चार माध्यमले महिला हिंसाको समाचार, विषय र सरोकारहरुलाई कसरी सम्प्रेषण गरेको छ भन्ने पत्ता लगाउनु हो। यसको साथै वर्षभरिमा संचार माध्यमहरुमा आएका महिला सम्बन्धी समाचारहरु र राष्ट्रिय महिला आयोगमा महिला विरुद्धमा परेका हिंसाहरुको स्थिति पत्ता लगाई महिला हिंसाको वस्तुस्थिति, उजुरी र उजुरीमा पहुँचको अवस्थाको सम्बन्धमा विश्लेषण गर्नु रहेको छ । अध्ययनका अन्य उद्देश्यहरु यस प्रकार रहेका छन् ।

- समाचारमा महिला हिंसाको संवेदनशीलता, समाचारका स्रोत, समाचारमा प्रयोग गरिएका विषयवस्तु, समाचारको निरन्तर सम्प्रेषण आदिका सम्बन्धमा अध्ययन गर्ने ।
- महिला हिंसा र लैङ्गिक विषयहरुको उठान गर्ने, लेख र सरोकारहरु प्रस्तुत गर्ने सम्वाददाता, स्तम्भकार, लेखक तथा पाठकहरुको लैङ्गिक तथ्याङ्कहरुको विश्लेषण गर्ने ।
- महिला हिंसा र महिला अधिकारका सम्बन्धमा समाचारको प्रभावकारीता, आमजनमानसको अपेक्षा र यसका सकारात्मक तथा नकारात्मक प्रभावका सम्बन्धमा अध्ययन गरी सिफारिस र सुझावहरु प्रस्तुत गर्ने ।

## १.३ अध्ययनको विधिः

यो अध्ययन राष्ट्रिय महिला आयोगमा प्राप्त दैनिक प्रेस क्लिपिङलाई आधार मानी तयार पारिएको हो। यसमा मूलधारका सञ्चार माध्यम (दैनिक वा साप्ताहिक पत्रिका) मा प्रकाशित महिला तथा लैङ्गिक हिंसा, महिला अधिकार, समाचारमा लैङ्गिक संवेदनशीलता र महिलाका विषयहरुको प्राथमिकता जस्ता बिषयवस्तुहरुको गुणात्मक र संख्यात्मक अध्ययन गरिएको छ । यस अर्न्तगत समाचार लेखाइमा अभिव्यक्तिको तरिका तथा शैली, विषयवस्तुहरुको प्रस्तुति, गोपनीयता, संवेदनशीलता, समाचार सम्प्रेशणको निरन्तरता, तथ्यहरुको प्रस्तुति, हिंसा पीडितहरुको भावनाको उजागर र जोड जस्ता पक्षहरुलाई समेटिएको छ। यसको साथै राष्ट्रिय महिला आयोगमा यस वर्षभरिमा परेका महिला विरुद्धका हिंसाहरुको उजुरी र समाचारमा आएका हिंसाहरुको तथ्यगत तथा बस्तुगत अवस्थाहरुको तुलनात्मक अध्ययन र विश्लेषण गरिएको छ। यसका लागि राष्ट्रिय महिला आयोगमा आएका वर्षभरिका महिला हिंसा विरुद्धका मुद्धाहरुलाई समेत केलाईएको छ।

## १.४ अध्ययनको सीमाः

यो अध्ययनलाई राष्ट्रिय महिला आयोगमा आ.व. २०७३/०७४ अन्तर्गत परेका महिला विरुद्धका उजुरीहरु र आयोगमा प्राप्त दैनिक प्रेस क्लिपिङ अन्तर्गत प्राप्त गरिएका समाचार र त्यसका स्रोतहरुसम्म सीमित गरिएको छ। यसमा राष्ट्रिय दैनिक (कान्तिपुर, नागरिक, नयाँ पत्रिका, गोरखापत्र, हिमालय टाइम्स, कारोबार, राजधानी, अन्नपूर्ण पोष्ट, नेपाल समाचारपत्र, द काठमाण्डू पोष्ट, द राइजिङ नेपाल, द हिमालयन टाइम्स, सौर्य, कमाण्डर पोष्ट, रिपब्लिका, राजधानी दैनिक, बुधबार साप्ताहिक, घटना र बिचार साप्ताहिक, प्रभाव दैनिक, जनआस्था साप्ताहिक, समय समाज साप्ताहिक, जनसवाल दैनिक, जनभावना साप्ताहिक, दृष्टि साप्ताहिक, मधेशवाणी साप्ताहिक जस्ता मिडियाहरु समेटिएका छन्। यी पत्रपत्रिकामा आएका समाचारहरु सबैलाई नलिई रेन्डम्ली हेर्ने प्रयास गरिएको छ। यसमा महिला विरुद्धका हिंसाहरु, लैङ्गिक सरोकारका लेख तथा सूचनाहरु, महिला तथा पुरुष लेखक, स्तम्भकार तथा संवाददाता, समाचारको निरन्तरता जस्ता विषयहरु समावेश गरिएको छ।

## १.५ अध्ययन अर्न्तगत समेटिएका समाचारहरू

राष्ट्रिय महिला आयोगले आ.व. २०७३/०७४ को अवधिमा विभिन्न छापा माध्यमहरुमा प्रकाशित भएका समाचार, लेख तथा सूचनाहरुलाई नमुनाको रुपमा लिई यो अध्ययन गरिएको हो। यस अध्ययनमा राष्ट्रिय महिला आयोगमा प्राप्त हुने विभिन्न पत्रपत्रिकाका क्लिपिङहरुलाई हेर्ने प्रयास गरिएको थियो। उक्त अध्ययनमा दैनिक पत्रिकाका समाचार, विचार तथा सम्पादकीयलाई समेत समेटिएको थियो। महिलामाथि हुने विभिन्न प्रकारका हिंसालाई विभिन्न फरक फरक शीर्षकहरुमा राखी अध्ययन गरिएको थियो। तीमध्ये महिला हिंसा, बालबालिका हिंसा, बलात्कार, यौंन दुर्व्यवहार, घरेलु हिंसा, दाइजो, मानव बेचविखन, हत्या, बहुविवाह, बोक्सी, परम्परागत तथा धार्मिक हिंसा, आर्थिक, शारीरिक, राजनीतिक र अन्य हिंसाहरु रहेका छन्। त्यसैगरी महिला सम्बन्धमा उठाईएका विषय र लेखहरुको आधारमा प्रकाशनमा आएका समाचारहरु र ती विषयहरुमा लेख्ने लेखक र सम्बादताताहरुको लैङ्गिक तथ्याङ्क पनि हेरिएको थियो। यस क्रममा विभिन्न पत्रपत्रिकाहरुमा आएका महिला हिंसासँग सम्बन्धित १०६ वटा समाचारहरु, बाल हिंसाका ९० वटा समाचारहरु, मानवबेचविखन र वैदेशिक रोजगारसँग सम्बन्धित १६ वटा समाचारहरु, लैङ्गिंक विषयहरुको उठान गरिएका तथा महिलाका विभिन्न पक्षहरुको समाचार दिईएका ८८ वटा समाचार तथा लेखहरुको अध्ययन गरिएको थियो। यस अर्न्तगत कुटपिटका १२ वटा, महिला र बालिकामाथि भएको बलात्कार र सामुहिक बलात्कारका १९ वटा समाचारहरु, छाउपडीसँग सम्बन्धित ४ वटा, सम्बन्ध विच्छेदका ३ वटा, नागरिकतासँग सम्बन्धित २ वटा, बोक्सीका ६ वटा, छुवाछुत, गर्भपतन, यौनरोग, बैवाहिक बलात्कार र आत्महत्या सम्बन्धी १/१ वटा, महिलाको हत्या सम्बन्धी ४० वटा, महिलाको स्वास्थ्य समस्या सम्बन्धी ९ वटा, महिलाको आर्थिक सशक्तिकरण सम्बन्धी ७ वटा, अपाङ्गता सम्बन्धी ६ वटा, दाईजो सम्बन्धी ४ वटा र अन्य लैङ्गिकतामा आधारित हिंसाका १७

वटा घटनाका समाचारहरु रहेका छन् । यससँगै महिलासँग जोडिएका राजनीतिक तथा आर्थिक समाचारका ८२ वटा, विभिन्न लेख रचनाहरु गरी करीव ४०२ वटा लेख/समाचार/घटनाहरु यस अध्ययनभित्र समेटिएका छन् । यस अन्र्तगत समेटिएका समाचारहरु अध्ययनको अन्तिममा अनुसूची अन्र्तगत राखिएका विभिन्न पत्रपत्रिकाहरुबाट लिईएको हो । (तर आयोगमा कुनै मितिका प्रेस क्लिपिङ्कहरु प्राप्त नभएको, कुनै समाचारहरु आयोगबाटै विभिन्न माध्यमहरुबाट संकलन गरिएको हुनाले पनि प्राप्त तथ्याङ्कमा घटबढ हुन सक्दछ । त्यसैगरी कतिपय समाचारहरु एकैपटक विभिन्न पत्रपत्रिकाहरुमा छापिएको, दोहोरिएको हुनाले पनि महिला तथा बालिकामाथि भएका हिंसाका समाचारहरु पत्रपत्रिकाहरुमा धेरै देखिए तापनि ती समाचारहरुलाई यहाँ उललेख गरिएको छैन ।)

# २. समाचारमा महिलाका सवालहरू

लोकतन्त्रमा संचारलाई राज्यको चौथो अंगको रुपमा स्वीकार गरिएको सन्दर्भमा संचारका माध्यमहरुले एकातिर नागरिकको सूचनाको हकको अधिकार सुनिश्चित गर्न सक्नु पर्दछ भने अर्कोतिर सामाजिक जिम्मेवारी र दायित्व अर्न्तगत समाजमा पछाडि पारिएका समुदाय र लिङ्गको आवाजलाई प्रतिबिम्बित गर्नुपर्दछ। संचार जनताका विचार र अभिव्यक्तिको माध्यम, कमजोर वर्ग र समुदायको प्रतिनिधि, आवाज विहिनहरुको आवाज र परिवर्तनको संवाहक बन्न सक्नुपर्दछ। यस अर्न्तगत नेपालमा महिलाहरु पछाडि पारिएका र उनीहरु राज्यका सबै तह र क्षेत्रहरुमा कमजोर वर्गको रुपमा रहेको कारण पनि संचारका माध्यमहरुले महिलाका सवाल र सरोकारहरुलाई प्राथमिक विषयवस्तुका रूपमा लिनुपर्दछ। तर राज्यका हरेक तह, क्षेत्र र विषयहरुमा देखिएको लैङ्गिक असमानता, कमजोर लैङ्गिक संवेदनशीलता, लैङ्गिंक विषयवस्तुको कमजोर प्रस्तुति र प्राथमिकता, समाचारको असंवेदनशील प्रस्तुतिको कारण त्यसले पार्ने प्रभावहरुको हेलचेक्र्याइपूर्ण आंकलन र गैरजिम्मेवारपूर्ण प्रस्तुति, समाचारहरुमा महिलाका विषयहरुलाई अनावश्यक र असान्दर्भिक ढंगबाट प्रस्तुत गरिने तरिका र समाचार हरुलाई भाइरल बनाउने आकांक्षाको परिणामस्वरुप महिलाहरु कतिपय सन्दर्भमा समाचारबाट दोहोरो हिंसामा परेका हुन्छन्। यसले उनीहरुको न्याय प्राप्तिको अधिकारलाई समेत प्रभाव पारिरहेको हुन्छ। तसर्थ समाचारका माध्यमहरु महिला र लैङ्गिंक विषयवस्तुहरुमा जिम्मेवार र संवेदनशील हुन जरुरी हुन्छ।

संचारले समाजमा कुनै पनि विषयवस्तु प्रति आम धारणा बनाउन, कुनै पनि मुद्दा र सवाललाई सामाजिक स्वीकारोक्ति दिलाउन वा त्यस प्रतिको आम धारणामा परिवर्तन गर्न र प्रभाव पार्न सक्ने तागत बोकेको हुन्छ। आजको संचारको दुनियामा कुनै पनि समाचारहरु तत्काल संसारभर फैलन र त्यसको प्रभावहरु तत्काल छोड्न सक्छन्। यस अनुसार समाचारको प्रस्तुति, तथ्याङ्कहरुको प्रयोग, सन्दर्भ र दिन खोजिएको सन्देश अनुरुप आम मानिसहरुमा यसले तत्कालै प्रभाव पारेको हुन्छ। अधिकांश मानिसहरु समाचारमा आएका विषयहरुलाई आँखा चिम्लेर विश्वास गर्ने प्रवृत्तिका हुन्छन्। अति कम मानिसहरु मात्रै समाचारको गहिराई सम्म पुग्दछन्। विषयवस्तुहरुको गहिराईमा नपुगी तयार पारिएको समाचार, कमजोर वर्ग र समुदाय प्रति असंवेदनशील समाचारहरुले आम मानिसहरुलाई नकरात्मक धारणा बनाउन सहयोग पुर्याईरहेको हुन्छ। यसले नकारात्मक विचार र तर्क गर्नेहरुका लागि स्रोत सामाग्रीको काम गरिरहेको हुन्छ, जुन महिला सशक्तीकरण र लैङ्गिक समानता प्राप्तिको लागि प्रत्युत्पादक बन्न पुग्दछन्। तसर्थ संचार माध्यमहरु लैङ्गिंक सम्वेदनशील, परिवर्तनका पक्षधर र कमजोर वर्ग र समुदायका लागि अवाजविहिनहरुको आवाज बन्न सक्नुपर्दछ। यसका साथै समाजमा व्याप्त विभेद, लैङ्गिक असमानताको अन्त्यका लागि राज्य तथा सरोकारवालालाई जवाफदेही बनाई समुन्नत समाज बनाउनका लागि पनि समाजका विविध पक्ष संचारका अन्तर्वस्तुका रुपमा बाहिर आउनुपर्छ।

त्यसैले सामाजिक विविधताको सम्मान गर्ने र सबैले बिना कुनै भेदभाव आत्मसम्मानपूर्वक बाँच्न सक्ने वातावरण निर्माणका लागि मिडियाको भूमिका निकै प्रभावकारी हुन्छ।

## २.१ प्रेस स्वतन्त्रता सम्बन्धी कानूनी ब्यवस्थाहरूः

नेपालको संविधानको धारा-१९ मा सञ्चारको हक अन्तर्गत विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य-दृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्वप्रतिबन्ध लगाइने छैन। तर, नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन भन्ने उल्लेख छ। साथै धारा-२७ मा सूचनाको हक अन्तर्गत प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ। तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन भन्ने ब्यवस्था गरी ब्यक्तिको गोपनीयताको हकको संवैधानिक सुनिश्चितता गरिएको छ। अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र सूचनाको हकलाई मानव अधिकारको आधारभूत र एउटा महत्वपूर्ण पक्षको रुपमा स्वीकार गरिएको छ। तर यी हकहरुको प्रयोग निरपेक्ष र अपवाद रहित भने होईनन। त्यसैगरी पत्रकार आचार संहिता २०६० (संशोधित तथा परिमार्जित २०६४) ले सार्वजनिक हितमा प्रतिकूल असर पार्ने बाहेकको अवस्थामा वैयक्तिक एवं व्यावसायिक गोपनीयताको सम्मान गर्नुपर्ने, अशक्त, असहाय, अपाङ्ग, बालबालिका, महिला तथा पिछडिएका वर्ग, क्षेत्र, भाषा-भाषी र अल्पसंख्यक समुदायको उत्थान र विकासमा सूचना र विचार प्रवाहद्वारा विशेष सहयोग पुर्‍याउनु पत्रकार र सञ्चारमाध्यमको सामाजिक दायित्व हुने, सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पुर्‍याउने तथा व्यावसायिक मर्यादा विपरित हुने, बिकृत र उत्तेजक सामग्री प्रकाशन, प्रसारण तथा उत्पादन वितरण गर्नु नहुने, जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक र रङ्ग जस्ता आधारमा भेदभाव हुने गरी समाचार र विचारको सम्प्रेषण गर्न नहुने, पीडितलाई थप पीडा पुग्ने गरी भाषा, ध्वनी, तस्विर, चित्र र दृष्य समेतको प्रयोग गरी समाचार तथा विचार प्रकाशन प्रसारण वा उत्पादन वितरण गर्न नहुने, यौनजन्य अपराध र सामाजिक अपहेलना एवं घृणाजन्य घटना वा सन्दर्भमा पीडित व्यक्तिहरुको सचेत स्वीकृतिबिना नाम, ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्विर र दृष्य प्रकाशन प्रसारण वा उत्पादन वितरण गर्नु नहुने जस्ता ब्यवस्थाहरु गरिएको छ।

# ३. विभिन्न पत्रपत्रिकामा महिला हिंसा

## ३.१ समाचारमा महिला हिंसा

नेपालमा महिलाहरु बढी नै हिंसामा पर्ने हुनाले पनि महिला हिंसाका समाचारहरु पत्रपत्रिकाहरुमा सदैव छाईरहेका हुन्छन् । यस अध्ययनमा समेटीएका सबै पत्रपत्रिकाहरुले पनि महिला हिंसाको समाचारलाई स्थान दिएका थिए । विशेष गरी महिलाका विषयहरु समेटिएका समाचारहरु मानवाधिकार दिवश, महिला हिंसा विरुद्धको १६ दिने अभियान जस्ता अवसरहरुमा वढी आएको देखिन्छ । कुनै कुनै घटनाहरु एकैपटक सबै पत्रपत्रिकाहरुमा समेत आएको पाईएको छ , जस्तो काठमाण्डौ बानेश्वरकी किशोरी घरेलु कामदारमाथि भएको बलत्कारको घटना, सप्तरी र बारामा भएको बलत्कारको घटना, सुनसरीको धरानमा गार्डमाथि भएको यौनजन्य दुरव्यवहारको घटना, अछाममा छाउगोठमा भएको किशोरीको मृत्यु जस्ता कयौ घटनाहरु प्रायशः सबै पत्रपत्रिकाहरुमा आएको पाईन्छ । महिलामाथि कुटपिट, घरेलु हिंसा, बहुविवाह, बलत्कार, यौनजन्य दुरव्यवहार, दाईजो, छाउपडि जस्ता महिलामाथि हुने हिंसाका विविध विषयहरुलाई सबै पत्रपत्रिकाहरुले समेटेका छन् । तर समाचारलाई स्थान दिएका सबैजसो पत्रपत्रिकाहरुले जस्तोसुकै गम्भीर प्रकृतिका हिंसाको घटना भए तापनि ती समाचारहरु प्रायशः भित्रि पृष्ठहरुमा सीमित गरेका थिए । तर केही समाचारहरुलाई छोडेर हेर्ने हो भने यस्ता समाचारहरुको निरन्तरता, पीडितको न्यायको लागि दवाव सृजना गर्ने जस्ता कुराहरुमा भने सबैजसो पत्रपत्रिकाहरु चुकेको पाइन्छ । पत्रिकाले महिला हिंसाका समाचारहरु बनाउदा कुनै संस्थाहरुले गरेको अध्ययन वा तयार पारेको प्रतिवेदन र त्यस्ता कार्यक्रमहरुमा ब्यक्त भएका विचार वा विषयहरुमा बढी आधारित भएर आएको पाईन्छ ।

## ३.२ समाचारमा गोपनियता

महिलामाथि हुने गम्भीर प्रकृतिका हिंसाका समाचार वा घटनाहरुमा गोपनियता कायम गरिनु पर्दछ । विशेष गरी बलात्कारजन्य घटनाका समाचारहरु, एचआईभि एड्स सम्बन्धी समाचारहरु, मानवबेचबिखनमा परेका व्यक्तिहरूका बारेका समाचारहरु र केही गम्भीर प्रकृतिका समाचारहरुमा अनिवार्य रुपमा गोपनीयता कायम गरिनु पर्दछ । गोपनीयता कायम नभएमा यसले उनीहरूलाई दोहोरो पीडामा पार्ने सम्भावना पनि उत्तिकै रहेको हुन्छ । गोपनियता कायम गर्नु भनेको पीडितको नाम मात्र नलेखिनु भन्ने होइन । विभिन्न पत्रपत्रिकाहरुमा आएका समाचारहरुमा महिलाको गोपनीयतामा ध्यान दिएको पाईएन । बलत्कार जस्ता घटनाहरुमा पीडितको नाम मात्र लुकाएर गोपनीयता कायम हुन सक्दैन । यसका लागि घटना भएको स्थान, पीडकको नाम, विद्यालयको नाम, बाबुआमा वा अन्य परिवारका सदस्य वा नातेदारहरुको नाम जस्ता परिचयजन्य विषयहरुमा समेत गोपनीयता कायम गरिनु पर्दछ । अधिकांश हिंसा सम्बन्धी घटनाहरुमा पीडितको नाम, ठेगाना तथा सम्बन्धित अन्य पहिचानहरु खुलाइएको थियो भने अति कम समाचारहरुमा मात्र

पीडितको नाम नखुलाए तापनि पहिचानका अन्य स्रोतहरु भने खुलाईएको थियो । यसले संचारको क्षेत्रमा गोपनीयता कायम गरिनुको महत्व, प्रक्रिया र संवेदनशीलतामा कमी रहेको देखिएको छ । कतिपय गोपनीयता कायम गरिनु पर्ने घटनाहरुमा उनीहरुको नाम, परिवार वा अभिभावकको नाम उल्लेख गरिएको पाईन्छ। यसले संचारको क्षेत्रमा लैगिंक संवेदनसीलताको अभाव देखिएको छ।

## ३.३ समाचारमा कानूनी सचेतना

कुनै पनि पत्रपत्रिकामा आएका समाचारहरुमा कानूनी सचेतना, उपचारको ब्यवस्था र उजुरी प्रक्रियाहरुको बारेमा उल्लेख भएको पाइएन । सबै प्रकारका समाचार प्रायः फलानो स्रोतका अनुसार यस्तो घटना भएको, पीडित प्रहरी वा अन्य निकायमा पुगेको सम्ममा सीमित रहेको देखिन्छ । अति विपन्नहरुका लागि सरकारले गरेको कानूनी सहायता सम्बन्धी ब्यवस्था, उजुरी सुन्ने निकाय, उजुरीको हदम्याद, र अन्य कानूनी ब्यवस्थाहरुको अज्ञानताको कारण कयौ ब्यक्तिहरु न्याय प्राप्तिबाट वञ्चित हुदै आएका छन् । बाहिर आएका कतिपय घटनाहरु अनुसन्धानको अभाव, सामाजिक असहयोग, पीडितको असुरक्षा, आर्थिक तथा राजनीतिक चलखेलका कारण पीडितले कानूनी उपचार पाउन सकेका हुँदैनन् । यसले उनीहरूको अधिकार र न्यायको विषय ओभ्फेलमा पार्दै आएको छ। तर यसतर्फ भने समाचारहरुले ध्यान दिन सकेको पाईंदैन ।

## ३.४ महिला हिंसाका समाचारमा महिला/पुरुष सम्बाददाता

संचारमा महिलाको सहभागितामा कमी भएर पनि हुनसक्छ ८८ प्रतिशत भन्दा बढी महिला तथा लैङ्गिकतासँगं जोडिएका विषय घटनाहरुमा पुरुष संवाददाताहरु रहेका छन् भने करिव १२ प्रतिशत जति महिला संवाददाता रहेको देखिन्छ। उदाहरणको लागि यस अध्ययन भित्र समेटिएको र महिला वा पुरुष संवाददाता खुलेको महिला विरुद्धका कुटपिट, छाउपडि, बहुविवाह जस्ता २५ वटा प्रतिनिधिमूलक समाचारहरुलाई लिन सकिन्छ।

| समाचार | महिला संवाददाता | पुरुष संवाददाता |
|---|---|---|
| कुटपिट | ० | २ |
| छाउपडी | १ | २ |
| बहुविवाह | ० | २ |
| सम्बन्ध बिच्छेद | ० | १ |
| घरेलु हिंसा | ० | ३ |
| यौंनजन्य दुरव्यवहार | १ | १ |
| बाल हिंसा | ० | ३ |

| | | |
|---|---|---|
| राजनीतिक तथा आर्थिक सम्बन्धी समाचार | १ | ४ |
| लैङ्गिक हिंसा | ० | २ |
| साँस्कृतिक हिंसा | ० | २ |

माथिको समाचारका संवाददाताहरुको तथ्याङ्क हेर्दा २५ वटा समाचारहरुमा २२ वटामा पुरुष संवाददाताहरु रहेका र ३ वटा समाचारमा महिला संवाददाता रहेको देखिन्छ। यी सबै समाचारहरु विभिन्न जिल्लाबाट आएका समाचारहरु रहेका थिए। यसले संचारमा महिलाको सहभागितामा कमी रहेको देखिन्छ। तर कयौं समाचारहरुमा महिला वा पुरुष संवाददाता नखुलेको समाचारहरु भने करिव ५० प्रतिशत जति रहेको पाइन्छ।

त्यसैगरी यस अध्ययन अर्न्तगत समेटिएका विभिन्न पत्रपत्रिकाहरुमा फरक फरक मितिमा आएका १०४ वटा लेखहरुलाई हेर्दा भने महिलाको अधिकार, समानता जस्ता अधिकांश लेखहरुमा महिला लेखिकाहरु बढी रहेका छन्।  अध्ययनमा समेटिएका १०४ वटा लेखहरुमा ५४ वटा लेखहरु महिलाद्धारा लेखिएका र १२ वटा लेखहरु पुरुषद्धारा लेखिएका थिए। त्यसैगरी महिला पुरुष नखुलेको संवाददाताहरुको सख्या ३८ वटा रहेको छ। (लेख वा समाचारमा महिला र पुरुषको विवरण यस अध्ययनमा राखिएका समाचार वा लेखहरुको तालिकामा नै उल्लेख गरिएको छ। )

## ३.५ महिला हिंसा सम्बन्धी समाचारको पत्रपत्रिकामा स्थान

कुनै पनि पत्रपत्रिकाहरुले महिला हिंसाका समाचारहरुलाई पहिलो पृष्ठमा राखेका छैनन । स्थानीय तहको निर्वाचनका सम्बन्धमा आएका केही महिला सम्बन्धी समाचारका विषयहरु भने अग्र पृष्ठमा नै रहेका थिए। स्थान वा प्राथमिकताका हिसावले महिला विरुद्धका घटनाहरु पछिल्ला पृष्ठहरुमा रहेका र समाचारहरुलाई सानो स्पेश दिईएको देखिन्छ।

## ३.६ महिला हिंसाको समाचारमा स्रोतको भरपुर प्रयोग

महिला हिंसाका समाचारहरुमा संचारकर्मी आफैले पीडितलाई प्रत्यक्ष भेटेर समाचारको वास्तविकता प्रस्तुत गर्नुभन्दा धेरैजसो समाचारहरु विभिन्न सघंसस्थाहरुको कार्यक्रम, उनीहरुको रिर्पोट तथा भनाइमा आधारित रहेका देखिन्छन्।

## ३.७ महिला तथा बालिकाहरूलाई पीडित तथा दयनीय पात्रको रूपमा प्रस्तुतः

समाचारहरुमा हिंसामा परेका महिला तथा बालिकाहरुलाई पीडित तथा दयनीय पात्रको रुपमा प्रस्तुत गर्ने गरिन्छ। नेपाली समाजमा महिलालाई दयनीय पात्रको रुपमा हेर्ने प्रवृतिलाई समाचार हरुले पनि पछ्याएका छन् । खासमा पत्रपत्रिकाहरुमा हिंसाका समाचारहरु आउँदा पीडितको

नभई पीडकको फोटो वा प्रवृतिको बारेमा समाचारहरु आउनु पर्ने हो तर समाचारहरुमा भेटेसम्म पीडितको फोटो छाप्ने गरिन्छ। यसले उनीहरुलाई पुनः पीडित बनाइरहेको हुन्छ। तर यसतर्फ कमैले मात्र ध्यान दिएको देखिन्छ।

## ३.८ समाचारहरुमा लैङ्गिक संरचनाहरुको प्रभावः

लैंङ्गिकता भनेको महिला र पुरुषको सामाजिक भूमिका हो, जुन समाजद्वारा निश्चित परिवेश अनुसार निर्माण गरिएको हुन्छ। महिला र पुरुषको सामाजिक सम्बन्ध तथा भूमिका समाजद्वारा निर्धारित हुन्छन्। तसर्थ लैङ्गिक भिन्नताले प्रभाव नपारेको कुनै क्षेत्र बाँकी हुँदैन। समचारहरुमा पनि ती लैङ्गिक संरचनाहरुले प्रशस्त प्रभाव परेको देखिन्छ। महिला र पुरुषहरुलाई समाचारमा प्रस्तुत गर्दा उनीहरुको बनिबनाउ भुमिका भित्र राख्ने, परिवर्तित भुमिकाहरुलाई सहज रुपमा नलिईने प्रवृति अहिले पनि देखिन्छ। जस्तोः छोरीले बाबुआमाको काजक्रिया गरेमा, कपाल काटेमा, हलो जोतेमा त्यो समाचारको लागि ठूलै मसला बन्न पुग्दछ।

## ३.९ महिला हिंसाका समाचारको निरन्तरता

यस अध्ययनभित्र परेका समाचारहरुको निरन्तरताको कुरा गर्दा महिला हिंसाका केही थोरै समाचारहरुले मात्र निरन्तरता पाएको देखिन्छ। बरु एउटै समाचारको विषय भने त्यस घटना भएको मितिको वरपर प्रकाशित हुने प्रायसः सबै पत्रिकाहरुमा दोहोरिएर आएका थिए। जस्तोः काभ्रेकी लक्ष्मी परियारको समाचार, छाउगोठमा नै किशोरीको मृत्यु भएको समाचार। कुनै पनि समचारहरुले पीडितले न्याय नपाएसम्मको अवस्थाको निरन्तरता भने गरेको पाइएन। अधिंकाश समाचारहरु एकपटक उठाई सकेपछि पुनः त्यस घटना/समाचारको अवस्था, पीडितको अवस्थाको बारेमा भने संचार माध्यमहरुले चासो र सरोकार राखेको पाइएन।

## ३.१० समाचारमा भन्दा विभिन्न निकायहरुमा दर्ता भएका महिला हिंसाका घटनाहरु बढीः

पत्रपत्रिकाहरुमा आएका समाचारहरु भन्दा बढी महिला हिंसाका घटनाहरु विभिन्न निकायहरुमा दर्ता भएको देखिन्छ।

## ३.११ विभिन्न निकायहरुमा परेका महिला हिंसा सम्बन्धी उजुरीहरु

जसरी पत्रपत्रिकाहरुमा महिला हिंसा विरुद्धका समाचारहरु आएका छन् त्यो भन्दा कयौं गुणा बढी महिला हिंसाका उजुरीहरु विभिन्न निकायहरुमा परेको देखिन्छ। महिला आयोगमा मात्र यस्ता कयौं हिंसाका छटनाहरु दर्ता भएका छन्। तर केही सीमित घटनाहरु बाहेक महिला आयोगमा दर्ता भएका घटनाहरु र समाचारमा आएका घटनाहरु फरक देखिन्छन्। केही विशेष चर्चा भएका वा महिला आयोगले हस्तक्षेप गरेका घटनाहरुमा मात्र महिला आयोगले घटनाको अनुगमन गरेको वा सरोकार देखाएको जस्ता विषयहरु जोडिएका छन् भने धेरैजसो समाचार हरुमा घटनाहरु कहाँ दर्ता भएका हुन् वा छन्, कुन निकायले हेरिरहेको छ वा घटनाको उजुरी गर्न कहाँ जानु पर्ने थियो जस्ता कुराहरु समाचारमा आएको पाईदैंन।

तालिका न. ४० आ.ब. ०७३/०७४ मा राष्ट्रिय महिला आयोगमा दर्ता भएका उजुरीहरुको तथ्याङ्कगत विवरण

| सि.नं. | हिंसाको प्रकृति | महिना | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र | बैशाख | जेठ | असार | |
| १ | घरेलु हिंसा | | | | | | | | | | | | | |
| १.१ | शारिरिक हिंसा | १३ | ११ | ४ | ६ | ३ | १२ | ७ | ७ | ५ | १ | ६ | ३ | ७८ |
| १.२ | मानसिक हिंसा | ३ | ५ | ४ | ११ | ४ | १० | ७ | ८ | ९ | ७ | ११ | १५ | ९४ |
| १.३ | आर्थिक हिंसा | ८ | १० | २ | ४ | २ | ७ | १३ | ७ | १८ | ४ | १३ | ११ | ९९ |
| १.४ | यौनजन्य हिंसा | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ० | २ |
| जम्मा | २४ | २६ | १० | २२ | ९ | २९ | २७ | २२ | ३२ | १२ | ३१ | २९ | २७३ | |
| २ | महिला हिंसा | | | | | | | | | | | | | |
| २.१ | यौनजन्य हिंसा | २ | २ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ |
| २.२ | अशं माग | १ | ० | ० | ० | २ | ० | १ | १ | ० | २ | ० | ० | ७ |
| २.३ | कुटपिट | १ | २ | ० | ० | ० | ० | २ | ० | ० | १ | ३ | ० | ९ |
| २.४ | मानसिक यातना | ० | १ | २ | २ | ० | ० | ३ | ४ | १ | २ | १ | ४ | २० |
| २.५ | कर्तव्य ज्यान | ० | १ | २ | ० | ० | ० | ० | २ | ० | ० | १ | ० | ६ |
| २.६ | बेचविखन | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| २.७ | जबरजस्ती करणी | ० | ० | ० | ० | १ | ० | १ | १ | ३ | ० | ० | ० | ६ |
| २.८ | लेनदेन | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| २.९ | ठगी | ० | ० | ० | ० | १ | १ | ० | ० | २ | ० | ३ | ३ | १० |
| २.१० | बोक्सी आरोप | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १ |
| जम्मा | ४ | ६ | ५ | ६ | ४ | २ | ७ | ८ | ६ | ५ | ८ | ७ | ६८ | |
| कुल जम्मा | २८ | ३२ | १५ | २८ | १३ | ३१ | ३४ | ३० | ३८ | १७ | ३९ | ३६ | ३४१ | |

राष्ट्रिय महिला आयोगमा आ.व. ०७३।०७४ मा ३४१ थान घरेलु हिंसा र महिला हिंसाका उजुरीहरु दर्ता भएका थिए। जस मध्ये घरेलु हिंसातर्फ २७३ थान उजुरी दर्ता भएको देखिन्छ। समग्रमा घरेलु हिंसामा दर्ता भएका उजुरीहरु मध्ये मानसिक तथा शारीरिक हिंसामा बढी उजुरीहरु दर्ता भएको अभिलेखमा देखिन्छ। त्यसै गरी दर्ता भएका उजुरीहरुमा मानाचामल, सम्बन्ध विच्छेद, अंशवण्डा, नागरिकता, अंशमाग, घर निकाला लगायतका उजुरीहरु बढी परेको देखिन्छ। त्यसै गरी वर्षभरिमा आयोगमा महिलामाथि  गरिएको मानसिक यातना, जवरजस्ती करणी, कुटपिट, बोक्सीको आरोप लगायतका उजुरी दर्ता हुन आएको देखिन्छ। महिला हिंसासँग सम्बन्धित विवाह दर्ता, शान्ति सुरक्षा र वैदेशिक रोजगारका कारण उत्पन्न भएका हिंसा सम्बन्धी उजुरी दर्ता भएको आयोगको अभिलेखबाट देखिन्छ।  तर नेपाल सरकारको सहयोगमा संचालित पुनर्स्थापना केन्द्रहरुबाट सेवा प्राप्त गर्ने पिडित/प्रभावितहरुको ८ जिल्लाको संख्या भने आ.व. २०७२/०७३ मा १६९७ देखिन्छ। यसले कमै मात्र हिंसाका घटनाहरु संचारमा आउछन् भन्ने देखाउँछ।  त्यसैगरी नेपाल प्रहरी अर्न्तगत महिला तथा बालबालिका निर्देशनालयमा आ.व. २०७२/०७३ मा दर्ता भएको महिला विरुद्धका हिंसाहरुको अपराधको सख्या हेर्ने हो भने २ ९९२ रहेको देखिन्छ।

नेपाल सरकारको सहयोगमा संचालित पुनर्स्थापना केन्द्रहरुबाट सेवा प्राप्त गर्ने पीडित/प्रभावितहरुको संख्या

| पुनर्सृथापना केन्द्र सञ्चालन भएका जिल्ला | आ.व. २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|---|---|
| झापा | ४१२ | ६३५ | २१२ | २४४ | ४९४ |
| सिन्धुपाल्चोक | ६६ | १९ | २५ | २३१ | ३३ |
| काठमाडौं | ६९ | ८ | १४ | २८ | ४१ |
| पर्सा | २४) | १७६ | ६८ | ११४ | २७८ |
| चितवन | ४३ | १०७ | १०९ | १३ | ११२ |
| रूपन्देही | १९५ | २३३ | १५७ | ९० | ४११ |
| बाँके | २५४ | २५४ | १२६ | १६५ | २५३ |
| कैलाली | ३२ | २६ | २९ | १८ | ७५ |
| जम्मा | १,३११ | १,४५८ | ७४० | ९०३ | १६९७ |

स्रोतः मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय

तर जति मात्रामा विभिन्न पत्रपत्रिकाहरुमा महिला हिंसाका विविध पक्षहरुको समाचारहरु आएका हुन्छन् त्यो भन्दा बढी महिला हिंसाका घटनाहरु समाजमा भईरहेका हुन्छन्। माथि विभिन्न निकायहरुमा दर्ता भएका हिंसाका घटनाहरुलाई हेर्ने हो भने पनि यस कुराको पुष्टि हुन्छ।

# ४. अध्ययनको निष्कर्ष र सुझावहरू

## ४.१ अध्ययनको निष्कर्ष

यस अध्ययनको संक्षिप्त निश्कर्षलाई यस प्रकारले उल्लेख गर्न सकिन्छ।

- सामान्यतया मिडियाले लैङ्गिकता भनेको महिला हो भन्ने कोणबाट सामग्रीहरु सम्प्रेषण गर्ने गरेको पाइन्छ। तर यो दृष्टिकोण आफैंमा पूर्ण छैन।
- महिला हिंसाका समाचारहरु, महिला सम्बन्धी लेख तथा रचनाहरु, नारी दिवस, मानवाधिकार दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान जस्ता विशेष अवसरहरु पारेर बढी प्रकाशित हुने गरेका छन्। यसले मिडियाहरुले लैङ्गिंक विषयहरुको समाचारको विषय जिम्मेवारी वा दायित्व भन्दा बढी अवसरजन्य गतिविधि हो भन्ने परेको देखिन्छ।
- मिडियाहरुमा लैङ्गिक संवेदनशीलताको कमी, गोपनीयता सम्बन्धी विषयहरुमा अज्ञानता देखिएको छ। अधिकांश समाचारमा गोपनीयता कायम गरिएको पाईदैंन। नाम उल्लेख नगर्नु नै गोपनीयता कायम गरिएको हो भन्ने भ्रम रहेको देखिन्छ।
- स्थानको हिसावले महिला हिंसासम्बन्धी सबैभन्दा बढी समाचार भित्री पृष्ठमा छापिएका छन्। तर केही राजनीतिक प्रकारका महिलासँग सम्बन्धित विषयहरु अग्र पृष्ठमा समेत छापिएका छन्। समग्रमा सञ्चारमाध्यमले महिला हिंसासम्बन्धी समाचारलाई प्राथमिकतामा राखी प्रकाशित गरेको पाइएको छ। तर फलोअप समाचारहरु भने अत्यन्तै कम रहेको देखिएको छ।
- विभिन्न निकायमा दर्ता भएका उजुरीको संख्याभन्दा समाचारहरुमा आएका घटनाहरुको संख्या धरै कम छ। यसले सबै घटनाहरु समाचारमा आउदैनन् भन्ने देखाउँछ।
- महिला हिंसाका अधिकांश समाचारहरुका संवाददाताहरु (करीव दुई तिहाई) उदाहरणका लागि यस अध्ययनमा राखिएका विभिन्न पत्रपत्रिकाका समाचारहरुमा उल्लेख गरिएका संवाददाताहरु, २५ मा २० पुरुष र ५ महिला) पुरुष रहेका छन्। एक तिहाईमात्र महिला संवाददाताहरु रहेका छन्। करिव आधाजसो समाचारहरुमा संवाददाताको पहिचान खुलेको पाईदैन। महिला वा लैङ्गिकतासँग जोडिएका पत्रपत्रिकामा आएका लेख रचनाहरु भने महिला नै धेरै हुने गरेका छन् (६५ वटा लेख रचना मध्ये ५३ महिला र १२ पुरुष)। तर अत्यन्त थोरै समाचारले मात्र निरन्तरता पाएको देखिन्छ। यसले सम्बाददाताहरुले फलोअप समाचारलाई कम महत्व दिएको देखिन्छ।

## ४.२ सुझावहरू

मिडियामा लैङ्गिक संवेदनशीलताको प्रवर्द्धन गरिनुपर्ने :

यस अध्ययनको निष्कर्ष अनुसार मिडियामा लैङ्गिक संवेदनशीलताको प्रबर्द्धन गरिनु आवश्यक देखिएको छ। यसका लागि संचार क्षेत्र, महिला हिंसाको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी

निकायहरु लगायत बहुपक्षीय सरोकारवालाहरुको प्रयास र हस्तक्षेपको आवश्यकता हुन्छ । मिडियामा लैङ्गिक संवेदनशीलता बढाउनका लागि मिडिया सम्बन्धित विभिन्न संघसंस्थाहरुमा सदस्य, कर्मचारी वा निर्णय प्रक्रियामा महिला र पुरुष प्रतिनिधित्व, मिडिया संस्थाहरुभित्र महिला र पुरुषलाई समान तथा तिनका विशेष आवश्यकतालाई सम्बोधन गर्ने किसिमको काम गर्ने वातावरणको सुनिश्चितता, मिडियासम्बन्धी अध्ययन-अध्यापन गराइने संस्थाहरुमा महिला पुरुषको सहभागिता र मिडियाका अन्तर्वस्तुमा महिला पुरुषको समान सम्मानपूर्ण चित्रणजस्ता पक्षहरुको सम्बोधन हुनुपर्दछ ।

### समाचारमा गोपनीयता कायम गर्न जोड दिने :

महिला हिंसा सम्बन्धमा समाचार दिएका कुनै पनि पत्रपत्रिकाहरुले हिंसाबाट पीडित महिलाको गोपनीयता कायम गरिएको पाईएन । गोपनयिता कायम गरिनु भनेको केवल पीडितको नाम मात्र उल्लेख नगर्नु नभई उसको पहिचान खुल्ने सबै प्रकारका स्रोत र आधारहरुलाई समेत गोप्य राख्नु हो । यसतर्फ कुनै पनि मिडिया सचेत भएको पाईएन । विशेष गरी बलात्कार वा जबरजस्ती करणीजस्ता संगिन मुद्दामा मिडियाले एकदम संयमित भएर बडो होसपूर्वक सूचना पस्किनुपर्ने हुन्छ ।

### आचारसंहिताको पालनामा जोडः

मिडियाकर्मीले आचारसंहिता पालना गर्ने कुरालाई पनि उत्तिकै ख्याल राख्नु पर्दछ । आचारसंहिता उल्लंघन गरेका कारण मिडियाले प्रशस्त आलोचना पनि खेप्दै आइरहेको छ । अझ त्यसमा पनि लैङ्गिंक संवेदनसीलताको कुरामा मिडियाले विशेष ध्यान पुर्‍याउन जरुरी छ ।

### समाचारमा लैङ्गिक संवेदनशीलता र समानताः

समाचारमा लैङ्गिक समानता र संवेदनसीलताको प्रवर्द्धनका हुनुपर्दछ । मिडियाले प्रकाशन गर्ने समाचार र अन्य सूचना तथा विचारमूलक सामग्रीहरुमा लैङ्गिक चित्रण र लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने सामग्रीहरुको कभरेज र प्रस्तुतिले नै मिडिया लैङ्गिक समानताको पक्षधर भए/नभएको पुष्टि हुन्छ । मिडियाले महिला र पुरुषका परम्परागत बनिबनाउ भूमिका र चित्रणहरुलाई नै समाचारका अन्तर्वस्तुमा पस्किने भन्दा पनि परिवर्तित भूमिकामा जोड दिनु पर्दछ । तसर्थ, पत्रकारहरुले मिडियाका सामग्री छनोटदेखि लेखन, सम्पादन र वितरण गर्दा विशेषरुपमा सचेत हुनुपर्दछ ।

समाचारहरुमा तथ्य, तथ्याङ्क, भनाइ, सूचना, भाषा आदि उल्लेख गर्दा वा लैङ्गिकताका विषयमा रिपोर्टिङ गर्दा वा लैङ्गिक मूलप्रवाहीकरणका सन्दर्भमा लेख्दा निम्न पक्षहरुमा ध्यान पुरयाएको हुनुपर्दछ । यसका लागिः लागिट

- समाचारमा समाजको परिवर्तित भूमिकामा जोड दिने र महिला र पुरुषका बनिबनाउ भूमिका वा ढाँचालाई बढावा दिने भाषाको प्रयोग नगर्ने ।

- महिलालाई चित्रण गर्दा सँधै पीडित, विचरा वा दयाको पात्रको रुपमा सम्प्रेषण नगर्ने । उनीहरु पनि समाजमा शक्तिशाली छन् वा हुनसक्छन् भन्ने कुरालाई ध्यान दिने ।

- भाषाको प्रयोग गर्दा लैङ्गिक विभेद हुने भाषाको प्रयोग नगर्ने अर्थात् भाषाको प्रयोग गर्दा लैङ्गिक संवेदनशीलतालाई ध्यान दिने ।

- कुनै पनि शब्द र पदावली वा वाक्यांश प्रयोग गर्नु अघि त्यसले लैङ्गिक रूपमा महिला वा पुरुष वा अन्य कुनै व्यक्ति, जातीय वा सामुदीयक रुपमा कसैलाई चोट पुऱ्याउँछ कि विचार गर्ने र यस्तो नहुने भए मात्र प्रयोग गर्ने ।

- महिलासँग जोडिएका समाचार र अन्य सामग्रीहरुको प्रस्तुतिमा संवेदनशीलता अपनाउने ।

- समाचारमा सधै असमानता, विभेद र लैङ्गिक रूपमा भेदभावजन्य स्थापित ढाँचा वा संरचनाका सहज र सरल विकल्पहरुको खोजीमा जोड दिने । जस्तोः पीडितलाई कानूनी प्रक्रिया वा उपचार लिन प्रोत्साहन गर्ने ।

- लैङ्गिक हिंसाका गम्भीर प्रकृतिका समाचारलाई महत्वका साथ प्रथम र दोस्रो पृष्ठमा प्रकाशित गर्ने र आवश्यकता अनुरुप समाचारलाई निरन्तरता दिने । यसले पीडितलाई न्याय दिलाउँन सहयोग पुर्‍याउँछ र पीडकलाई निरुत्साहित गर्दछ ।

- खोजमूलक पत्रकारिताले हिंसाको खास कारण पत्ता लगाउँछ र समाचारको प्रभाव पनि देखिन्छ । त्यसैले खोजी पत्रकारितालाई बढी महत्व दिनु जरुरी देखिन्छ ।

- समाचारहरुमा पीडितको नभई पीडकको फोटो छाप्ने । यसले हिंसा कम गर्न मद्दत गर्छ र पीडितलाई थप पीडित बनाउँदैन ।

## अनुसूचीहरू
## यसअध्ययनका लागि नमुनाका लागि लिईएका विभिन्न पत्रपत्रिकामा आएका समाचारहरू
## महिला विरुद्धका कुटपिट सम्बन्धी समाचारहरू

| जिल्ला | मिति | पत्रिकाको नाम | समाचार शीर्षक | बिषय | सम्बाददाता | समाचार/घटना विबरण संक्षेपमा |
|---|---|---|---|---|---|---|
| बाँके | २०७३/४/२६ | नेपाल समाचार पत्र | श्रीमती कुट्नेलाई मुद्दा | कुटपिट | पु. | बिवाहमा दाइजो नल्याएको निहुमा श्रीमान्, सासु र ससुरा मिलेर बुहारी कुट्ने र जिउदै जलाउने जस्तो घृणित काम हुँदै आएको छ। कतिपय महिलाहरु चेतनाको अभाबले उजुरी दिन समेत डराउछन् । |
| कास्की | २०७३/९/२९ | कान्तिपुर | पतिबाटै कुटिइन् महिला उम्मेदवार | कुटपिट | | रुपा गाँउपालीका -५ मा खुल्ला तर्फ वडा महिला सदस्य पदमा माओबादी केन्द्रको तर्फबाट उम्मेदवारी दिएकी पद्मा खडकालाई उम्मेदवारी फिता नलिएको भन्दै पति यामबहादुर गुरुङले निर्घात कुटपिट गरेका हुन्। जेठाजु एमाले बाट वडाध्यक्षको उम्मेदवार भएकाले जेठाजुकै निर्देशनमा आफुलाई पतिले कुटेको पीडितको आरोप छ। |
| कास्की | २०७४/४/२९ | कान्तिपुर | छोराले कुटेपछि<br><br>आमा वृद्धाश्रममा | कुटपिट | पु. | बोक्सीको आरोपमा अर्मला-६ डिहिकी ६९ बर्षिय सुमित्रा खत्री घर छाडेर वृद्धश्राममा बस्न बाध्य भएकी छिन् । उनि १३ बर्ष अघि श्रीमानको मृत्यु भए पछि छोरा बुहारीसंगै बस्दै आएकी थिइन् । छोराले सुरुमा राम्रो व्यबहार गरेको भए पनि चार बर्ष यता शारीरिक र मानसिक यातना दिन थाले पछि घर छाडेको उनी बताउछिन् । डेढ रोपनी जग्गा छोराको नाममा नामसारी नगर्दा छोरा र नातिनी मिलेर त बोक्सी होस् भन्दै कुटेको उनी बताउँछिन् । |

## बलात्कार सम्बन्धी समाचारहरु

| जिल्ला | मिति | पत्रिकाको नाम | समाचार शीर्षक | बिषय | सम्बाद दाता | समाचार/घटना विबरण संक्षेपमा |
|---|---|---|---|---|---|---|
| काठमाण्डौ | ०७४/१/५ | कान्तिपुर | तिन सैनिक अधिकारीलाई जन्मकैद फैसला | बलात्कार | पु. | माओवादी युद्धको समयमा काभ्रेकी मैना सुनारको हत्या भएको थियो। मैनाकी आमाले माओबादीलाई सहयोग गरेको आरेपमा घर खानतलासी गर्न आएको टोलिले आमालाई नभेटे पछि १५ बर्षीय छोरी मैनालाई पक्रेर सैनिक तालिम केन्द्र लगेका थिए। उनलाई चरम यतना दिनुका साथै बलात्कार गरी मारेर सैनिक तालिम केन्द्रको जंगलमा गाडिएको थियो। मैनाकी आमा देबी सुनारले गरेको रिटमाथि सुनुवाइ गर्दै महासेनानी, सहसेनानी गरी ३ जनालाई जन्मकैदको फैसला सुनाएको थियो। |
| महोत्तरी | ०७४/२/३० | अन्नपुर्ण पोष्ट | युवतीमाथि सामुहिक बलत्कार | बलात्कार | पु. | महोत्तरीको औरही गाउँपालिका-२ की एक युवती सामुहिक बलात्कारमा परेकी छिन्। औरही बजारमा ब्युटी पार्लर सञ्चालन गर्दै आएकी युवती पसल बन्द गरेर घर फर्किदा औरहीको तीनपोखरीभन्दा एक किलोमिटर पश्चिममा मुखमा रुमाल बाँधेर बाटो ढुकेर बसेका युवा समुहले युवतीलाई नियन्त्रणमा लिएर बलत्कार गरेको प्रहरीले जनाएको छ। वलात्कार गर्ने अपरिचित चार जनाको युवा समुह फरार रहेका छन्। |
| खेटाङ | २०७३/४/३ | सौर्य | बलात्कार मुद्दा दर्ता गर्न प्रहरीले मानेन | बलात्कार | | दित्तेल नगरपालीका-१३ बस्ने २० बर्षिय पवन राईले जबरजस्ति बलात्कर गरेको भन्दै उजुरी दिदाँ प्रहरीले उजुरी लिन नमानेको पीडितको आरोप छ। २ छोराकी आमा पीडीत महिलाको पति बैदेशिक रोजगारीका सिलसिलामा बिदेशमा छन्। |
| भरतपुर | ०७३/४/८ | गोरखापत्र | किशोरी आमा बनेपछि | बलात्कार | पु. | चितवनमा पछिल्लो समयमा किशोरीहरु आमा बन्ने क्रम बढ्दो छ। किसोरीहरुलाई बिभिन्न प्रलोभनमा पारी बलात्कारमा परेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | बच्चा जन्माउन बाध्य छन्। यसरी कलिलै उमेरमा बच्चा जन्माउदा बढी रक्तश्राब हुने शिशु र आमालाई बचाउन कठिन हुने गर्दछ। जबर्जस्ती करणीमा गर्भ रहदा त्यसले उनीहरुको शारीरिक तथा मानसिक वृद्धिमा समेत असर पर्ने गर्छ। |
| वीरगन्ज | ०७३/४/१६ | नयाँ पत्रिका | अढाई वर्षीया बालिका बलात्कृत | बलात्कार | | तराईमा जतातत्तै बलात्कारको घटना बढीरहेको बेला ११ बर्षीय बालकले अढाइ बर्षीया बालिकालाई बलात्कार गरेका छन्। बालिकाका बाबुआमा बजार गएको मौका छोपी बलात्कार गरेको हो। पीडक ११ बर्षीय नाबालक भएको कारण जेल हाल्न नमिल्ने हुनाले महिला बालबालीका सेलमा राखेर अनुसन्धान भइरहेको छ। |
| काठमाण्डौ | ०७३/५/२३ | नयाँ पत्रिका | शिक्षकद्धारा होस्टेलमा विद्यार्थी बलात्कत | बलात्कार | | बालाजु वसन्तनगरस्थित अभियान पब्लिक स्कुलका शिक्षक डम्बरवहादुर खड्काले बिद्यार्थीलाई बलात्कार गरेका हुन्। १८ गते घर गएकी छात्रा १९ गते फर्केकोमा होस्टेलमा नबसी साथीको घर गएकी थिइन्। होस्टेल नबस्नुको कारणबारे अनुसन्धान हुँदा शिक्षकले बलात्कार गरेको खुलेको हो। विद्यालयकै आग्रहमा परिवरले ती छात्रालाई गत ९ गतेदेखि होस्टेलमा राख्दै आएका थिए। शिक्षक खड्का बिरुद्ध अन्य विद्यार्थीले पनि स्कूल प्रशासनमा उजुरी गर्दै आएको प्रहरीले जनाएको छ। स्कूलकै शिक्षकबाट कलिला किशोरीमाथि बलात्कार हुन थालेपछि होस्टेलको सुरक्षा माथि प्रश्न उठेको छ। |
| उदयपुर | ०७३/५/२४ | सौंय | पतिले करणी गरेको भन्दै उजुरी | बलत्कार | म. | श्रीमतिको ईच्छा बिपरित यौन सम्पर्क गर्न खोजेको भनी उजुरी दिने महिलाले आफनो निबेदनमा पतिले श्रीमानले भने जस्तो नमान्दा यातना दिने, यौन उत्तेजना हुने औषधि खाने-खुवाउने र अश्लिल भिडियो अनुसार यौन सम्पर्क गर्न खोज्ने गरेको उल्लेख गरेकी छन्। तर वास्तविकता चाँहि बैदेशिक रोजगारीबाट |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | ल्याएको पैसाको हिसाब नमिल्दा उक्त उजुरी आएको हुन सक्ने प्रहरी नायब उपरिक्षकले बताएका छन् । |
| धनकुटा | ०७३/८/२४ | कमाण्डर पोष्ट | महिला बलात्कृत | बलात्कार | | धनकुटा ताखुवाकी ५५ बर्षिय विधवा महिलालाई २२ बर्षीय युवा रबिन लिम्बुले बलात्कार गरेको छ। पीडितले उजुरी दिए पछि लिम्बुलाई पक्राउ गरी जबर्जस्ती करणीको मुद्दा दर्ता गरी हिरासतमा राखिएको छ। |
| महोत्तरी | ०७३/९/३१ | सौर्य | १० वर्षीय वालिका बलात्कृत | बलात्कार | | धनुषामा १० वर्षीय बालिकालाई बलात्कार गरेको आरोपमा ७२ बर्षीय मुनीजी भन्ने कुमार पाण्डेलाई जर्बजस्ती करणी मुद्दा दर्ता गरिएको छ। बालिका स्थानीय आदर्श इंग्लिस बोर्डिङ स्कुलमा कक्षा २ मा अध्यनरत थिइन्। स्कुलबाट घर फर्कने क्रममा पाण्डेले सो बलिकालाई घरभित्र लगेर बलात्कार गरेका थिए। |
| काठमाण्डौ | ०७३/१२/६ | नयाँ पत्रिका | मालिकबाट बलात्कृत युवती प्रहरीको शरणमा | बलात्कार | | बानेश्वरस्थित सामुदायिक विद्यालयमा कक्षा ९ मा अध्यनरत कल्पना (नाम परिवर्तन) पटक-पटक घर मालिकबाट बलत्कार भएको कुरा खुल्न आएको हो। डोटी जेजोमाडौं-२ की १६ बर्षीय कल्पना २२ माघमा कोठामा कोही नभएको मौका छोपी लोकराज पाण्डेबाट बलत्कार भइन्। आफु बलात्कृत भएको कुरा साथीलाई सुनाइन् र साथीहरुले शिक्षकलाई सुनाएपछि उनलाई प्रहरीमा उजुरी दिन लगाइयो उनलाई न्याय नपाइने हो कि भन्ने आशंका छ। |

## छाउपडी सम्बन्धी समाचारहरू

| जिल्ला | मिति | पत्रिकाको नाम | समाचार शीर्षक | बिषय | सम्बाददाता | समाचार/घटना विबरण संक्षेपमा |
|---|---|---|---|---|---|---|
| जुम्ला | ०७३/४/१४ | हिमालय टाइम्स | छाउपडी प्रथा अन्त्यमा जोड | छाउपडी | | सुदुरपश्चिममा कुप्रथाको रुपमा जरा गाडिएको छाउपडी संस्कार बढेको छ। धनी हुँ भन्ने बर्गले यो कुप्रथाको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | अझै संरक्षण गरेका छन् । |
| जुम्ला | ०७४/२/१४ | कान्तिपुर | काठमाडौंमै छ छाउप्रथा | छाउपडी | म. | मुलुकका दुर्गम २१ जिल्लामा छाउपडी प्रथा सुन्दै र पढ्दै आएका भए तापनि राजधानीबाट पनि छाउ प्रथा हट्न नसकेको महिलाकर्मीहरुले बताएका छन् । महिलाहरु महिनावारी हुँदा खाना पकाउदैनन, पुजापाठ गर्दैनन् । |
| डोटी | ०७३/९/८ | हिमालय टा. दैनिक | छाउपडीका नाममा ज्यान गुमाउँदै महिला | छाउपडी | | पहिलो पटक महिनावारी हुँदा अलि बढी संवेदनशील बन्नुपर्ने हुन्छ । यो समयमा किशोरीलाई पारिवारिक माया र स्नेहको खाँचो परेको हुन्छ । तर सुदुरपश्चिमका जिल्लामा भने यो समयमा चेलीले अप्ठ्यारो स्थिति व्यहोर्नुपर्ने हुन्छ । हालसम्म सुदुरपश्चिममा छाउपडीको समस्याले नौ जना भन्दा बढीको ज्यान गएको छ । |
| जनकपुरधाम | ०७३/१०/३ | अन्नपुर्ण पोष्ट दैनिक | विद्यालयमै डोमलाई छोइछिटो | छुवाछुत | | मजदुरी गरै भएपनि बच्चालाई पढाँउछु भन्ने सोचेकी थिइन डोमाले । तर विद्यालयमा डोल्माको बच्चालााई अछुत भनेर हेला गरिने तथा पढनै नदिने वातावरण भएपछि छोराछोरी अहिले कबाड बेच्ने र फोहोर सफागर्ने काममा लागेका बताउछिन् । विद्यालयमा डोम बालबालिकालाई सँगै बस्न नदिने, केही सोध्दा पनि शिक्षकले नबताउने र अन्य बालबालिकाका अभिभावकले डोम समुदायको बालबालिका पढाए आफ्ना छोराछोरी विद्यालयबाट छुटाउनेसम्मको चेतावनी दिने गरेकाले आफना छोराछोरी चाहेर पनि विद्यालय पठाउन गारो मानेको बताउछन् । |
| आछाम | ०७३/९/२ | गोरखापत्र दैनिक | छाउगोठमा किशोरीको मृत्यु | | पु. | एकवर्ष अघि छाउपडी गोठमुक्त घोषण गरिएको अछामको गाज्रा गाविसमा छाउगोठमा बसेकी गाज्रा गाविस ७ निवासी भरत तिवारीको १५ वर्षीय छोरी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | रोशनी तिरुवा आइतबार बिहान छाउगोठमा मृत अवस्थामा फेला परेकी छन् । |

## सम्बन्ध बिच्छेद सम्बन्धी समाचारहरू

| जिल्ला | मिति | पत्रिकाको नाम | समाचार शीर्षक | बिषय | सम्बाद दाता | समाचार/घटना विबरण संक्षेपमा |
|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | २०७४/४/१५ | सैर्य | सम्बन्ध विच्छेद गर्ने बढे | सम्बन्ध विच्छेद | पु. | ताप्लेजुङमा सम्बन्ध विच्छेद गर्नेको सङ्ख्या बढ्दै गएको पाइन्छ। जिल्ला अदालतका अनुसार १ वर्षको अवधिमा सम्बन्धविच्छेदका ९२ वटा मुद्ध भएका छन्। अदालतमा दर्ता भएका उक्त सङख्यामध्ये ७२ वटा मुद्धाको फैसला भएको र २० वटाको फैसला हुन बाँकी रहेको छ। घरायसी झगडा र वैदेशिक रोजगार नै सम्बन्धविच्छेदको मुख्य कारण बनेको छ। |
| विराटनगर | ०७४/१/५ | अन्नपुर्ण पोष्ट | उम्मेदवार बन्न सम्बन्ध विच्छेद | सम्बन्ध विच्छेद | पु. | नागरिकतामा पतिकै थर भएकाले दलित महिला कोटामा चुनावमा उठ्न नपाइने भइयो। अलग अलग भएपछि औपचारिक रुपमै सम्बन्ध टुटाएर माइतीको थरमा नागरिकता बनाउँदा चुनावमा उठ्न पाइने भएपछि सम्बन्धविच्छेद गरेकी छन् । |
| लिवाङ | | राजधानी | विवाह गर्ने उमेर नपुग्दै सम्बन्ध विच्छेद | सम्बन्ध विच्छेद | म. | रोल्पाकी एक किशारीले विवाहको करिव २ वर्ष नपुग्दै सम्बन्ध विच्छेदका लागि मुद्दा दर्ता गरिन् । दिनभरि काम गरेर घर आएपछि पेटभरी खाना नदिएको र मानसिक यातना दिन थालेपछि उनले मुद्दा दर्ता गरेकी हुन् । |

## बोक्सी सम्बन्धी समाचारहरू

| जिल्ला | मिति | पत्रिकाको नाम | समाचार शिर्षक | बिषय | समाचार/घटना विबरण संक्षेपमा |
|---|---|---|---|---|---|
| सल्यान | ०७३/४/६ | नयाँ पत्रिका | महिलाई दिसा खुवाइयो | बेक्सी | डल्लु सुनारले कुबिन्डे-५ अधेरीका २० बर्षिय सेती परियारलाई सिस्नो पानीले मरणासन्न हुने गरी यातना दिई दिसा खुवाएका हुन् । |

| | | | | | |
|---|---|---|---|---|---|
| धनुषा | ०७३/४/३१ | अन्नपुर्ण पोष्ट | बोक्सी आरोपमा यातना | बोक्सी | धनुषामा बोक्सी आरोपमा एक वृद्धलाई लगातार यातना तथा कुटपिट हुँदै आएको घटना सार्बजनिक भएको छ। गाउँलेहरुले गाउँमा कोही बिरामी पर्दा जानकीले नै बोक्सी लगाएको भन्दै गालि बेइजती गर्ने गरेको छन्। इलाका प्रहरी कार्यालय खरिहानीमा उजुरी दिंदा पनि प्रहरी प्रसाशनले कुनै चासो नदेखाएको उनले बताए। |
| नेपालगञ्ज | ०७३/५/११ | नयाँ पत्रिका दैनिक | बोक्सकिो आरेपमा चिर्पटले हिर्काउदा महिलाको मृत्यु | बोक्सी | बोक्सीको कारण श्रीमतीले आँखा नदेखेको भन्दै २१ बर्षीया दिनेश थारुले चिर्पटले हिर्काउदा ४० बर्षिया डल्ली थारुको मृत्यु भएको हो। दिनेशले आफ्नी श्रीमतीलाई डल्लीले भेदेर आँखा नदेख्ने बनाएको भन्दै चिर्पटले हानेका थिए। |
| दोलखा | ०७३/८/८ | कान्तिपुर दैनिक | बोक्सी आरोपमा यातना | बोक्सी | दोलखा हावा-२ की ७२ बर्षिय तीर्थमाया बिश्वकर्माले आफुलाई दुई देवरहरुले बोक्सी भन्दै कुटपिट गरी हातको औंला समेत भाँचिदिएको र जबरजस्ती दिसा मुखमा कोच्याएको भन्दै उजुरी दिएपछि अभियुक्तहरुलाई पक्री आवश्यक कारवाही भै रहेको जिल्ला प्रहरी कार्यलय दोलखा चरीकोटले जनाएको छ। |
| काभ्रे | ०७३/८/२६ | नयाँ पत्रिका दैनिक | हत्या आरोपमा तीनजना पक्राउ | बोक्सी | काभ्रे सानो गौथली-७ कि ३३ बर्षीय लक्ष्मी परियारलाई बोक्सी आरोपमा मलमुत्र खुवाएर निर्घात कुटपिट गर्दा उनको मृत्यु भएको हो। स्थानीय शिक्षक हिरा लामाको नेतृत्वमा मंगलवार डोरीले बाँधेर कुटपिट गरिएको थियो। प्रहरी र स्थानीयले बिहिबार मिलापत्र गराएका थिए तर २४ घण्टा नबित्दै उनको मृत्यु भएको थियो। |
| लहान | ०७४/१/५ | नयाँ पत्रिका दैनिक | बोक्सी आरोपमा कुटपिट | बोक्सी आरोप | पीडितलाई आरोपितबाट बोक्सीको आरोपमा ३१ चैत्र ०७२ मा कुटपिट भयो। कुटपिटबाट घाइते दुवैजना सोही दिनदेखि लहानमा उपचाररत छन्। शिवकुमारी यादवकी छोरी किरण पटक पटक विरामी पर्न थालेपछि टुनामुना गरी बिरामी बनाएको भन्दै पीडितलाई कुटपिट गरेका छन्। |

## गर्भपतन सम्बन्धी समाचारहरू

| जिल्ला | मिति | पत्रिकाको नाम | समाचार शिर्षक | बिषय | सम्बाददाता | समाचार/घटना विवरण संक्षेपमा |
|---|---|---|---|---|---|---|
| आछाम | ०७३/४/१९ | अन्नपुर्ण पोष्ट दै. | रोकिएन गर्भवती आमाको ज्यान जाने क्रम | गर्भपतन | पु. | सरकारले नवजात शिशु र मातृशिशु मृत्युदरमा कमी ल्याउने उद्देश्यले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको भएपनि नवजात शिशु र मातृ मृत्यु रोकिएको छैन। नवजात शिशु तथा मातृ मृत्युदर कम गर्ने स्वास्थ्यका धेरै कार्यक्रम सञ्चालन भए पनि जनचेतनाको अभाव, अशिक्षा र गरिबीका कारणले नियमित गर्भ परीक्षण नगर्ने र घरैमा बच्चा जन्माउने गरेकोले आमा तथा शिशुको ज्यान जोखिममा पर्ने गएको पाइन्छ। |

## महिला विरुद्धका घरेलु हिंसा सम्बन्धी समाचारहरू

| जिल्ला | मिति | पत्रिकाको नाम | समाचार शीर्षक | बिषय | सम्बाद दाता | समाचार/घटना विवरण संक्षेपमा |
|---|---|---|---|---|---|---|
| सिराहा | ०७३/१०/१३ | कान्तिपुर दैनिक | न्याय खोज्दै इन्डोनेसियाली बुहारी | घरेलु हिंसा | पु. | बैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा इन्डोनेसियाली नागरिक तितिक इस्तियानी र १० बर्ष कान्छा उमेरका सञ्जीबकुमार चौधरीको प्रेमसम्बन्ध पछाडि मुस्लिम संस्कार अनुसार विवाह भयो। विवाह पछि सञ्जीब दुई महिना इन्डोनेसिया बसे र पुनः मलेसिया फर्के। तितिकले इन्डोनेसियामै छोरी जन्माइन्। २००९ मा उनीहरु सञ्जीबको जनकपुरस्थित घर आइपुगे। यहाँ आए पछि तितिकलाई घर बाट निकालियो र श्रीमान्ले समेत हेर्न छाडे। |
| हेटौडा | ०७४/२/३१ | नेपाल समाचार | छोरा नपाउँदा | लैगिंक हिंसा | | हेटौडा-११ नवलपुरकी गिता शिवाकोटीकी २ वटी छोरी छन्। उनलाई घरपरिवार र श्रीमान्ले समेत छोरा नजन्माएको भन्दै |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पत्र | पतिबाटै शत्रुवत् व्यवहार | | | शत्रुवत् व्यबहार गर्ने गरेको दुखेसो पोखिन् । उनले छोरीहरुलाई असल नागरिक बनाउने अठोट लिएको बताउदै उनले आफुमाथि भएको हिंसाले पारिवारिक चोट थपेको बताइन् । छोरा नजन्माएसम्म ममाथि भएको दुर्व्यवहार रोकिने छैन । उनले आँखाभरी आँसु पार्दै भनिन् । वैबाहिक यौन हिंसा बढेको गुनासो सहभागीले बताए राष्ट्रिय महिला आयोगको कार्यपत्रमा ६ बर्ष अवधिमा ५ सय ९३ महिला हिंसा भएको उल्लेख छ । |
| काठमाडौं | ०७४/२/७ | गोरखापत्र दैनिक | महिलाहिंसा अन्त्यको माग गर्दै प्रदर्शन | महिला हिंसा | | सार्वजनिक स्थानमा महिला तथा किशोरीमाथि हुने हिंसा अन्त्य गर्नुपर्ने माग गर्दै यहाँ युवाले प्रदर्शन गरेको छन् । शनिवार सहभागी युवाले माइतीघर मण्डलाबाट सुरु भएको प्रदर्शनी रत्नपार्कस्थित शान्तिबाटिकामा पुगेर कोणसभामा परिणत भएको हो । |
| जाजरकोट | ०७३/९/२४ | कान्तिपुर दैनिक | न्याय खोज्दै हिंसापीडित महिला | घरेलु हिंसा | | पति दिपकले कुटपिट तथा शारिरीक, मानसिक यातना दिनथाले पछि ढिमे-६ सिमलगाउँकी ३३ बर्षीय जुवाला सिंह घरेलु हिंसाबाट मुक्ति पाउन न्याय खोज्दै सदरमुकाम खलंगा आईपुगेकी छिन् । ४ बर्षदेखि नियमित यातना पाएपछि ४ सन्तानकी आमा बेसहारा बनेकी छिन् । दैनिक मदिरा सेवन गरेर कुटपिट गरेपछि सहन नसकेर न्यायका लागि सदरमुकाम आएको उनले बताइन् । |
| रोल्पा | ०७३/८/१५ | हिमालय टाईमस | न्यायको खोजीमा रोल्पली महिला | हिंसा | | लैंगिक विभेदकारी हिंसा अन्त्यका लागि देशव्यापी रुपमा अभियान चलिरहँदा पनि रोल्पाली महिला भने लैङ्गिक हिंसा बाट अछुतो रहन सकेका छैनन् । जिल्ला प्रहरी कार्यालय रोल्पाअन्र्तगत रहेको महिला तथा बालबालिका सेवा केन्द्रमा यस आर्थिक बर्षमा मात्र २८ वटा घरेलु हिंसा र २४ वटा सामाजिक हिंसा गरी ५२ वटा महिला हिंसाको घटना दर्ता भएका छन् । प्रहरीका अनुसार उजुरीकर्ता महिलाले श्रीमान्ले मादक पदार्थ सेवन गरी कुटपिट गर्ने, घरमा श्रीमती हुदाँ हुदै दोस्रो विबाह गर्ने, घरमा गाली गलौच |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | गर्ने, खान नदिने, विबाह दर्ता नगरिदिने, नागकिता र जन्म दर्ता नगरीदिने जस्ता उजुरी आउने भनाई छ। |
| काठमाण्डौ | ०७३/८/२४ | जनसवाल | महिलामाथि राजनीतिक हिंसा | राजनीतिक हिंसा | | बिहिबार राजधानीमा आयोजना गरेको 'महिलामाथि हुने राजनीतिक हिंसा' बिषयको छलफल कार्यक्रममा राजनीतिक हिंसा पार्टी भित्रै हुने गरेको, संसदमा बोल्न खोज्दा तिमीलाई रुप देखाउन ल्याएको भन्ने जस्ता लज्जास्पद शब्द प्रयोग हुने गरेको विचारहरु आएका थिए। |
| दोलखा | ०७३/८/७ | नागरिक दैनिक | २२ वर्ष देखि परिवारबाटै यातना | घरेलु हिंसा | पु. | आफ्नै परिवारका सदस्यबाट २२ वर्षदेखि बोक्सीको आरोपमा यातना बेहोर्दै आएकी ७१ वर्षीय दलित वृद्धा न्याय माग्दै सदरमुकाम आएकी छन्। दुई देवर र तिनका परिवारबाट बोक्सी आरोपमा निरन्तर कुटपिट र लाञ्छना बेहोर्दै आएको बताउँदै तिर्थमाया आफु सहनै नसकेर न्याय माग्न सदरमुकाम आएकी बताउछिन्। देवर देउरानीले बोक्सी भन्दै दिशा पिसाव समेत खुवाए। देवर, देउरानी र भतिजीले रक्सी खाएर आएर तिर्थमायालाई कुटपिट समेत गरेका बताउछिन्। |
| बुटवल | ०७३/७/२९ | नागारिक | पतिको कुटाइले मृत्यु | घरेलु हिंसा | | सुनकुमारी र ध्रुबको घरमा पाहुना लाग्न आएकी बहिनी नाता पर्ने जाला सँगै सुतेका थिए। राति सुनकुमारीले पतिसंग सल्किएकी भने पछि भनाभन भयो। त्यसले उग्ररुप लिएपछि पति ध्रुब र जाला मिलेर ढुंगाको लोहोराले शरीरभरि हिर्काएर रगताम्मे भएर ढलेपछि उनीहरु राती नै घरबाट निस्के। |
| संखुवासभा | ०७३/७/४ | अन्नपुर्ण पोष्ट | सौतेनी आमाले चिम्टा तताएर डामिन् | बाल हिंसा | | १३ बर्षीया निमा शेर्पालाई सौतेनी आमाले फलामे चिम्टाले डामेर यातना दिएकी छिन्। कालिका मा बिमा कक्षा ९मा अध्यनरत निमा बिगत ५ बर्षदेखि संगै बस्दै आएकी थिन्। भागेर स्कुल जादाँ पनि किताब कपि आगोमा जलाईदिने गरेको निमाले रुदै भनिन्। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| महोत्तरी | २०७३/८/२६ | नयाँ पत्रिका | भोज खानकै लागि पञ्चले गराउँछन् बालविवाह | बाल हिंसा | पु. | केही दिनअघि फुल्काहा ९ जमुनियामा १४ वर्षीय बालकबीच विवाह गर्न स्थानीय पञ्चले अभिभावकलाई दबाब दिए। पञ्चले विवाह भोजका लागि अभिभावकसँग रकम पनि उठाए। भोज खानकै लागि उनीहरुले दबाब दिएका थिए। सो गाँउमा पञ्चहरुले भोज खानकै लागि बालविवाह गराउन अभिभावकलाई दबाब दिने गरेको स्थानीयले बताएका छन्। |
| ललित पुर | २०७३/११/४ | प्रभाब | कुकुरलाई पकाएको खाना खान बाध्य घरेलु श्रमिक | | | घरेलु श्रमिकका रुपमा काम गर्दै आएकी काभ्रेपलाञ्चोककी सुनमाया तामाङले पुल्चोकको एउटा घरमा काम गर्दा दैनिक कुकुरलाई पकाएको खाना खाने गरेकी थिइन्। घरबेटीलाई महँगो चामलको भात आफैं पकाइदिएर उनी कुकुरलाई पकाएको खाना र खाजामा एकसाताको बासी र गन्हाउने खाना खान उनी बाध्य थिइन्। त्यस घरमा उनले घरबेटीले प्रयोग गर्न छाडेको पुराना भाँडामा भऱ्याङमा बसेर खाने गर्थिन्। |

**महिला हिंसा, यौनजन्य दुरब्यवहार सम्बन्धी समाचारहरू**

| जिल्ला | मिति | पत्रिकाको नाम | समाचार शिर्षक | बिषय | सम्बाददाता | समाचार/घटना विवरण संक्षेपमा |
|---|---|---|---|---|---|---|
| पाँचथर | ०७३/११/७ | कान्तिपुर दैनिक | जहाँ महिला हिंसा हुंदैन | हिंसा न्यूनीकरण | पु. | पाँचथर जिल्लाको दक्षिणी भेगमा पर्ने रविमा भने महिला हिंसा हुन छाडेको छ। जाँडरक्सी, जुवातास न्यूनीकरणसंगै शिक्षाको ज्योतिले छोएपछि रविमा महिला हिंसा हुन छाडेको हो। |
| इलाम | ०७३/६/९ | राजधानी दैनिक | पैसा लिन हिँडेका प्रेमी नफर्किएपछि | यौन हिंसा | म. | २०६८ सालमा बैदेशिक रोजगीरका लागि जोर्डनमा रुपा र राजेन्द्रको माया-प्रेम बस्यो। १४ महिना पछि ३ महिनाको गर्भ लिएर उनीहरु नेपाल फर्किए। राजेन्द्र भने पैसा लिएर आउछु भनेर इलाम तिर लाग्यो। २०७१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | कात्तिक १७ गते छोरा जन्मियो तर राजेन्द्र फर्केन । सुरु-सुरुमा सम्पर्क गरेपनि पछाडि सम्पर्कबिहिन थियो राजेन्द्र । छोरा ३ बर्षको भैसक्दा पनि राजेन्द्र नफर्केपछि उसले दिएको नागरिकताको फोटोकपि लिएर रुपा इलाम पुगिन् तर त्यो फोटोकपि उल्टो रहेछ । |
| धरान (सुनसरी) | २०७३/६/२ | अन्नपुर्ण पोष्ट दैनिक | यौन दुर्व्यवहार भएको भन्दै सुरक्षा गार्ड आन्दोलित | यौन दुर्व्यवहार | | ड्युटीमा बसेका महिला सुरक्षा गार्डमाथि सञ्चालकबाटै यौन दुर्व्यवहार भएको आरोप लगाउँदै बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानका सुरक्षा गार्डहरु आन्दोलित भएका छन् । |
| हरियाणा | ०७४/२/३ | नयाँ पत्रिका | यौन दुर्व्यवहार | यौन दुर्व्यवहार | | भरतको हरियाणामा एक विद्यालयका छात्रा यौन दुर्व्यवहारको बिरोधमा भोक हडतालमा उत्रिएका छन् । विद्यालय जाने र फर्कने क्रममा बाटोमा पुरुषलेहरुले आफुहरुलाई यौन दुर्व्यवहार गर्ने गरेको उनीहरुको आरोप छ । विद्यालय जाँदा पुरुषहरुले बारम्बार अस्वभाबिक ढंगले छुने गरेको, बाटोमा संवेदनसील अंग छुने र पर्खालमा फोन नम्बर र अस्लिल टिप्पणी लेख्छन । भारतमा महिलामाथि दुर्व्यबहार हुने राज्यमध्ये हरियाणा मुख्य राज्य हो । |
| काभ्रे | ०७३/८/२४ | सौर्य | प्रहरीद्धारा युवतीमाथि यौन दुर्व्यवार ' | यौन हिंसा | | काभ्रेमा एक युवती प्रहरीबाटै यौन दुर्व्यवहारमा परेकी छिन् । सिभिल ड्रेसमा रहेको प्रहरीले एक्कासी यौन अंग तथा संवेदनसील ठाउँमा समाती जबर्जस्ती गर्न खोजेको आरेप छ । |
| चितवन | | ०७३/७/११ | नागरिक दैनिक | फेसबुक दुरुपयोग रोक्न महिला सडकमा | | महिला हिंसा |

| | | | | |
|---|---|---|---|---|
| गुल्मि | ०७३/८/३ | नेपाल समाचार पत्र | प्रधानमन्त्रीलाई गुल्मीका महिलाको उपहार | सरकारले संविधान संसोधनमा पाँच नम्बर प्रदेश पहाडी जिल्ला टुक्राएको बिरोधमा गुल्मीमा जारी १५औं दिनको आन्दोलनमा प्रमुख जिल्ला अधिकारी मार्फत फुलको माला, कैची, सियो, धागो र नेपालको नक्शा बिरोधस्वरुप उपहार पठाएका हुन् । |
| काठमाण्डौ | ०७३/८/१२ | नागरिक दैनिक | महिला हिंसाविरुद्ध हटलाइन | नेपालमा महिलालाई हिंसा मुक्त भई बाँच्न पाउने अधिकार सुनिश्चितताका लागि महिला हटलाइन' सेवा सुरु भएको छ । |
| काठमाँडौ | ०७३/८/२६ | नागरिक दैनिक | सिएनएन सुपर हिरोमा बस्नेत मनोनयन | जेलमा बावुआमासँग बस्न बाध्य भएका बालबालिकालाई बाहिर ल्याएर हेरचाह गर्दै आएकी पुष्पा बस्नेत सिएनएन हिरो मनोनयन भएकी छिन् । |
| बैतडी | ०७३/१०/१८ | अन्नपुर्ण पोष्ट दैनिक | मदिरा तथा जुवातास नियन्त्रण गर्दै महिला | जुवा तास र मदिराका कारण घर घरमा झगडा र महिलामाथि यौन हिंसा बढ्न थालेपछि बैतडी रिमका महिलाहरुले त्यस बिरुद्धको अभियान सुरु गरेका हुन् । |
| सुर्खेत | ०७३/१२/१७ | अन्नपुर्ण पोष्ट दैनिक | म्यादी प्रहरीमा महिला उत्साही | सुर्खेतमा बुधबारसम्म करिब दुई हजारले आवेदन दिएका छन् । |
| जनकपुर | २०७३/१२/२४ | अन्नपुर्ण पोष्ट दैनिक | नाट्य क्षेत्रमा एक्ली मधेसी महिला | मधेसमा महिला अगाडी बढ्नुपर्छ, उनीहरुले समाजका कुरीतिविरुद्ध आवाज उठाउनुपर्छ भनेर भाषण दिने थुप्रै भएपनि आफ्ना छोराछोरीलाई नाटक वा कलाकारिताको क्षेत्रमा आउन दिने आँट धेरैले गर्न सकेका छैनन् । महिला घरबाट निस्कने बित्तिकै उसको बिषयमा नकरात्मक टिप्पणी गर्ने जस्ता काम हुन्छ । त्यसलाई चिर्दै प्रियंकाले निर्देशन गरेको 'परिबर्तन' सडक नाटक लिएर उनी तराईका आठ जिल्लामा पुगिन् । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| काभ्रे | ०७३/४/८ | नेपाल समाचार पत्र | सासुलाई दागबत्ती दिएर बुहारी बसिन् किरिया | सामाजिक | | हिन्दु धर्ममा मरेपछि छोरा चाहिन्छ भन्ने मान्यतालाई चुनौति दिदै काभ्रेमा एक महिलाले सासुको काज क्रिया आफैं गरेकी छिन् । मृतक नेत्रकुमारीको छोराको अगाडि नै मृत्यु भएपछि बुहारीले नै काज क्रियामा बसेर सामाजलाई नै चुनौति दिएकी छिन् । देशमा आएको परिबर्तनसँगै समाजमा पनि परिबर्तन गर्नुपर्छ भनेर उदाहरण दिएकी छिन् । |
| भक्तपुर | ०७३/११/१८ | प्रभाब दैनिक | नेवार महिलालाई जीवन्त राख्ने इही परम्परा | संस्कृति | म. | नेवार समुदायमा प्रचलित बेल विवाह र बारा तयेगु प्रचलनका कारण महिलाले श्रीमान् बितेपनि रंगविहीन जीवन जिउनु पर्दैन् । नेवार समुदायमा इही रजस्वला नहुँदै गर्नु पर्ने धार्मिक मान्यता रहेको छ । नेवार समुदायका चेलीले बेल विवाह गरिसके पछि श्रीमान बिते पनि सिउँदोमा रातो सिंदुर र पोते लाउने चलन रहेको पाइन्छ । |
| काठमाण्डौ | ०७४/२/१० | अन्नपुर्ण पोष्ट दैनिक | 'दिदीबहिनीका लागि शिखर चुमें ' | लेंङ्गिक समानता | म. | सिन्धुपाल्चोक भोताङकी कान्छीमाया तामाङले गत शनिबार सगरमाथाको सफल आरोहण गर्नुभएको छ । युएन वुमनको सहयोगमा सफलता हासिल गर्नुभएकी तामाङले महिलाहरुको लैंङ्गिक समानता, आर्थिक सशक्तिकरण र मानव बेचबिखन रोकथामको नारा लिएर सगरमाथा शिखर चुमेको बताइन् । गरिवीका कारण आफनो समुदायका महिलाले धैरै असमानता र बेचिनु परेको छ उनले भनिन् । इजिप्टमा बैदेशिक रोजगारी गरेर फर्केकी कान्छीमायालाई अब आफनै गाउँमा मानव बेचबिखनबिरुद्ध आवाज उठाउन माइती नेपालकी अध्यक्ष अनुराधा कोइरालाले सुभाब दिइन् । युएन वुमनको सिभिल सोसाइटी एड्भाइजरी ग्रुपका सदस्य डा. गणेश गुरुङले महिलामा जुनसुकै उचाईमा पुग्न सक्ने क्षमता छ भनेर कान्छीमायाले प्रमाणित गरेर देखाइदिएको विचार राख्नुभयो । |
| काठमाण्डौ | ०७३/६/१७ | गोरखापत्र | 'महिला हिंसा | | | राष्ट्रपति बिद्यादेवी भण्डारीले सर्वोच्च अदालतले राजधानीमा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मानव सभ्यताको कलङ्क ’ | | | आयोजना गरेको महिलाविरुद्ध हिंसा र न्यायमा पहुँच विषयक राष्ट्रिय कार्यक्रमको उद्घाटन गर्दै मानब सभ्यताको कलङ्कको रुपमा महिला हिंसा कामयमै रहेकोमा चिन्ता ब्यक्त गर्दै उहाँले भन्नुभयो, ‘सामाजिक परम्परा र प्रचलनको आडमा महिलालाई दोस्रो दर्जाको नागरिकका रुपमा बाँच्न बाध्य बनाइएको छ पुरुषसरह सम्मानजनक अवस्था छैन । ’संस्कृति र परम्पराका नाममा अमानवीय प्रथा अहिलेसम्म पनि कायमै छ । प्रधानन्यायाधीस शुसिला कार्कीले महिला हिंसाको शिकार भएमा त्यस्तो महिलालाई प्रहरी प्रशासन र राज्यले पूर्ण सहयोग नगरेको र समयमा न्याय नपाएको गुनासो गर्दै हिंसा पीडित महिलाकालागि गाँस, बास, सुरक्षित भविष्यको व्यवस्था राज्यले प्रभाबकारी रुपमा गर्नुपर्ने बताउनुभयो । |

## दाईजो सम्बन्धी समाचारहरू

| जिल्ला | मिति | पत्रिकाको नाम | समाचार शिर्षक | बिषय | सम्बाददाता | समाचार/घटना विबरण संक्षेपमा |
|---|---|---|---|---|---|---|
| महोत्तरी | २०७३/१०/२२ | अन्नपुर्ण पोष्ट | लैनो भैंसी नपाउँदा बिहे बिथोलियो | दाइजो प्रथा | पु. | विवाहको निर्णयपछि केटीका बाबुले केटालाई एउटा होन्डा साइन मोटरसाइकल, महंगो कपडाको सुट सेट र १ लाख ६० हजार नगद र केटा पक्षका सबै परिवारलाई कपडा दिएर केटा पक्षले मागेको सबै दाइजो पुरा गरिदिए । बेहुला भएर आएपछि खाना खाने समयमा केटाले लैनो भैंसीबिना खाना नखाने भनेर अडान लिएपछि केटीका बाबुले अहिले भैंसी दिन नसक्ने भनेपछि केटा पक्ष र केटी पक्षबीच भनाभन भयो र केटा विवाह नगरी घर गएको थियो । यसरी दाइजो दिन नसक्दा अमृताको विवाह नै भएन । |

## बालबालिकासँग सम्बन्धित समाचारहरू

| जिल्ला | मिति | पत्रिकाको नाम | समाचार शिर्षक | बिषय | सम्बाददाता | समाचार/घटना विबरण संक्षेपमा |
|---|---|---|---|---|---|---|
| कैलाली | ०७४/१/२६ | गोरखापत्र दैनिक | घटेन कलिलै उमेरमा आमा बन्ने क्रम | बाल विवाह | | कलिलै उमेरमा आमा बन्नेको सङ्ख्या कैलाली जिल्लामा बर्षेनी बढ्दै आएको छ। उमेर नपुगी विवाह गर्ने र सन्तानलाई जन्म दिनेको सङ्ख्या सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा बढी रहेको, तिनमा पनि आर्थिक अवस्था कमजोर भएको वर्ग बढी रहेको छ। इन्टरनेटको सुविधाका कारण फेसबुकजस्ता सामाजिक सञ्जालले एक अर्कासँग जोडिन सहज भएको र यसबाट हुने कुराकानीका आधारमा विवाह गर्ने क्रम तीव्र रुपमा बढेकाले पनि कलिलै उमेर आमा बन्नेको सङ्ख्यामा कमी आउन नसकेको हो। |
| हुम्ला | ०७४/३/१४ | नयाँ पत्रिका दैनिक | श्रीमान्ले छाडे मात्रै उजुरी | बालबिवाह | पु. | हुम्ला जिल्लाको अधिकांश क्षेत्रमा बाल बिवाहलाई सामान्य रुपमा लिइन्छ। जसका कारण त्यो जिल्लाका विद्यालय जाने उमेरका बालबालिका बच्चा स्याहार्न थाल्छन्। |
| बाजुरा | २०७३/४/२३ | कान्तिपुर दैनिक | घटेन बालविवाह | बालविवाह | पु. | गाँउघरमा भई रहेको बालविवाहमा कसैले पनि विरोध गरेनन्। बजारमा भई रहने विवाह मध्ये ७० प्रतिशत उमेर नपुगी भएको तथ्याङ्कले देखाएको छ। |
| रामेछाप | ०७३/४/१७ | नेपाल समाचार पत्र | बालविवाह गरिदिने आमालाई ५ हजारजरिवाना | बालविवाह | | उमेर नपुगी छोरीको विवाह गरिदिने रामेछापको भीरपानीकी कृष्णमाया श्रेष्ठलाई रु.५ हजार जरिवाना गर्ने फैसला सुनाएको छ। |
| नुवाकोट | ०७३/६/१५ | राजधानी दैनिक | रोकिएन वालविवाह | वालविवाह | | सानो उमेरमै छोराछोरीको विवाह गरिदिदाँ पुण्य कमाइन्छ भन्ने सामाजिक विश्वास कायमै रहेकाले नुवाकोटमा बालविवाह अझै रोक्न सकिएको छैन। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सुर्खेत | ०७३/७/१ | अन्नपुर्ण पोष्ट दैनिक | हतारमा बिहे, पछुताउँदै स्कूल | | | सुर्खेतको छिन्चुस्थित प्रभात माविमा पढ्ने अधिकांस छात्राहरुले कलिलो उमेरमै भागेर बिहे गर्ने र आर्थिक आभाबका कारण देखाउँदै अभिभाबकले सानै उमेरमा बिहे गरिदिने भएकाले उनीहरु पढने इच्छा हुँदाहुदै पनि स्कूल आउन छाडेका थिए। अहिले आएर उनीहरु पढाइप्रति चासो राख्दै पुनः स्कूल आउन थालेका छन्। |
| | २०७३/१२/२९ | प्रभाब दैनिक | २२ वर्षीय किशारी ४ सन्तानकी आमा | बालबिवाह | पु. | डा.के.आइ.सिंह गाउँपालीका -२ की रम्भा कामीले २२ बर्षको उमेरमा ४ सन्तानलाई जन्म दिइएकी छिन्। बुबाले अर्को बिवाह गरेपछि बिचल्ली भई स्कूल जान नपाएपछि स्कूल नै छाडेर घरको काम गरी बस्दै आएको थिएँ। घरमा फुपाजु नाता पर्नेसँग एकजना आएका थिए। चाउचाउ र बिस्कुट किनिदिन्छौं मेरो घर हिड भने। चाउचाउ र बिस्कुट पाएपछि खुसी हुँदै म उनीहरुसँग गएँ। कसरी बिहे भयो पत्तै भएन। |

## वैदेशिक रोजगार र मानव बेचविखन

| जिल्ला | मिति | पत्रिकाको नाम | समाचार शीर्षक | बिषय | समाचार/घटना विबरण संक्षेपमा |
|---|---|---|---|---|---|
| काठमाण्डौ | ०७४/३/१६ | हिमालय टाइमस देनिक | कोरियामा महिला कामदारमाथि यौन दुर्व्यवहार | वैदेशिक रोजगार/ मानव बेचविखन | बैदेशिक रोजगारीको सिलसिलामा दक्षिण कोरिया पुगेका नेपाली महिलाहरु यौन शोषणको शिकार बनेका छन्। समान काम गर्ने पुरुषहरुको तुलनामा महिलाहरुले कम तलब पाएका छन्। यौन सम्पर्कका लागि मालिक र सहकर्मीले प्रस्ताब राख्ने गर्दछन्। यौन सम्पर्क गर्न नमानेमा कामबाट समेत निकालिन्छ। |
| कञ्चनपुर | ०७३/०४/१५ | हिमालय टा. दै. | दुई युवतीको उद्धार | | रोजगारीको प्रलोभन दिई भारततर्फ लगिदैं गरेको दुई युवतिको बुधबार उद्धार गरिएको छ। दोलखाकी २० वर्षीय र रामेछापकी २१ वर्षीय युवतीको सीमा नाकामा उद्धार गरिएको छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| भीमदत्तनगर | २०७३/१०/२२ | सौंय दैनिक | बेरोजगारीले चेलिबेटी बेचविखन बढ्न थाले | बेचबिखन | बेरोजगारीको समस्याका कारण पछिल्लो समयमा कञ्चनपुरको विभि नाकाबाट महिला बेचबिबखन बढ्न थालेको छ। |
| काठमाण्डौ | ०७३/१२/१६ | गोरखापत्र दैनिक | महिला तस्करीमा अध्यागमन कर्मचारीको मिलेमतो | | अवैधरुपमा घरेलु कामदारका रुपमा महिलालाइ खाडी मुलुकमा पठा कार्यमा अध्यगमन बिभागका कर्मचारीको मिलिमतो देखिएको संसद टोलीले जनाएको छ। |
| भैरहवा | ०७४/१/१ | राजधानी दैनिक | मानव बेचबिखनमा आफन्तकै प्रयोग | बेचबिखन | गाँउमै जिविकोर्पाजन गरेर बसिरहेकी सीता भट्टराईलाई गाउँकै नेव मगरले वैदेशिक रोजगारका लागि कुवेत पठाउने निर्णय गरे। छोरी विवाहको ऋण तिर्न नसकेकी र घरको सबै जिम्मेवारी आँफै बहन आएकी सीताले खुसीसाथ प्रस्ताव स्वीकारिन्। उनलाई भारत पुऱ्या र त्यहाँबाट कुवेत उडाउने सल्लाह भएको थियो। त्यसपछि गत फागुनमा उनलाई रुपन्देहीको बेलहिया हुदैं भारत लगिदैं थियो महिला हिंसा तथा चेलिबेटी बेचबिखन विरुद्ध कार्यरत संस्था आ उनलाई रोक्यो र मानव बेचबिखन विरुद्ध मुद्दा दर्ता भयो । |
| कैलाली | ०७३/८/१८ | नेपाल समाचारपत्र दैनिक | श्रीमान्ले नै बेचे श्रीमती | बेचबिखन | नैनबहादुर थापाले आफनै श्रीमती रेजिना डंगोरा चौधरीलाई बेचे छन्। मानब तस्करसँगको मिलेमतोमा उनले जोर्डनमा बेचेको रेजिना आफन्तले आरोप लगाएका छन्। |
| काठमाण्डौ | २०७३/१२/२५ | गोरखापत्र दैनिक | महिला बेच्ने लामा पक्राउ | बेचबिखन | बालाजु माछापोखरीमा कपडा पसल गर्न लगाउने नाममा सर्वसाध युवतीलाई कपडा किन्न भारतको नयाँदिल्ली, भारत जाउँ भन्दै बिक्री गरिएको खुलासा भएको छ। यसरी धेरै महिला बिक्री गरेको सक्ने दाबी प्रहरीले गरेको छ। |

## समाचारमा महिला र महिलाका सरोकारहरू

| जिल्ला | मिति | पत्रिकाको नाम | समाचार शिर्षक | बिषय | सम्बाद दाता | समाचार/घटना विबरण संक्षेपमा |
|---|---|---|---|---|---|---|
| डडेल्धुरा | ०७३/४/३० | हिमालय टाईमस | डडेल्धुराका महिला सिलाइकर्टामा आकर्षित | | | चुलो चौकामा मात्र सीमित रहेका महिला पछिल्लो समय सिलाइ कटाइतर्फ आकर्षित हुल थालेका छन्। थोरै लगानी र योग्यता पनि आवश्यक नभएकाले उनीहरु यो पेशातर्फ आकर्षित भएका हुन्। सिलाइ कटाइ सञ्चालन गरेका अधिकांस महिलाको जीवनस्तरमा सुधार हुदैं गएको छ। |
| काठमाडौ | ०७३/५/३० | गोरखापत्र | महिलालाई सम्मानजनक स्थान दिन्छुः देउवा | राजनितीक | म | सभापति देउवाले नेपाल महिला सङ्घको सक्रिय सहभागिताले स्थानीय निकायको निर्वाचनमा काँग्रेसलाई सफलता मिल्ने सक्ने र महिलाहरुमा जिम्मेवारीको बोझ हुँदाहुँदै पनि सक्रिय रुपमा लाग्ने महिलालाई पार्टीमा उचित स्थान उपलब्ध गराउने प्रतिबद्धता पनि व्यक्त गरेका छन्। |
| बाजुरा | ०७३/६/१७ | नेपाल समाचार पत्र | पविर्तनको संवाहक बन्दै सरिता | परिवर्तन | | उमेरले १६ पुगेकी सरिता थापा कक्षा ८ मा अध्ययनरत एक छात्रा हुन्। उनको बुबा शारीरिक रुपले काम गर्न नसकेको कारणले उनी अहिले खेत जोत्दैछिन्। समाजलाई परिवर्तन गर्ने हो भने आफैंबाट शुरुवात गर्नुपर्छ भन्ने राम्ररी थाहा भएको बताउँछिन्। उनलाई आफ्नो काम भन्दा अरु कुनै मतलब छैन्। शहरियाले गाउँलेलाई हलोकुटो कोदालो गरेको देख्दा खिसी गर्नेलाई सरिताको यो उदारणीय कार्यले गाउँ शहरका मानिसलाई सकारात्मक सन्देश दिएको छ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| डोल्पा | ०७३/७/१ | प्रभाब | कष्टकर जीवन जिउँदै कर्णालीका महिला | | पु. | कर्णाली क्षेत्रमा बसोबास गर्ने महिलाको जनजीवन ज्यादै कष्टकर छ। उनीहरुको जीवन बाह्रै महिना खेतबारीकै काममा बित्दछ। कामैकामको ध्याउन्नले वर्षमा एकपटक आउने चाडपर्व कतिखेर जान्छ पत्तै हुँदैन। एकातिर खेतबारीको कामको चाप, अर्कोतिर महिलाले मात्र काम गर्नुपर्छ भन्ने गलत मानसिकता पुरुषमा हावी भएकाले ग्ग्रमीण महिला झनै समस्यामा परेका छन्। |
| धादिङ | ०७३/८/१२ | नागरिक | महिलाले बनाए नमुना घर | | | महिलाले घरको धुरी छाए, गाह्रो लगाएर घर निर्माण सम्पन्न गरेभन्दा सबैलाई पत्यार नलाग्न सक्छ, किनभने नेपाली समाजमा महिलाले यी कार्य गर्नु हुदैंन भन्ने रुढीवादी परम्परा छ। गाउँमै डकर्मी तालिम पाएपछि सेमजोडका महिला घर निर्माण गर्न सफल भएका हुन् । |
| काठमाण्डौ | ०७३/८/२२ | अन्नपुर्ण पोष्ट | महिलालाई नागारिकता दिलाउन पहल | नागारिकता | | महिलालाई नागारिकता दिलाउने जटिलता हटाउने गरी ऐन बनाउन राष्ट्रिय महिला आयोगले सम्बन्धित निकायलाई सुझाब दिइको छ। |
| काठमाण्डौ | ०७३/८/२२ | गोरखापत्र | एकल महिलाको गुनासो | | | नागारिकता र जन्मदर्ता प्रमाण पत्र नहुँदा बालबलिकालाई शैक्षिक संस्थामा भर्ना गराउन समस्या रहेको एकल महिलाले बताएका छन्। उनीहरुले श्रीमान्ले नागारिकता नबनाईदिएका कारण राज्यले दिने सबै सेवा सुबिधाबाट बञ्चित रहेको बताए। कसैल भने श्रीमान्को वास्तविक ठेगाना पत्ता नलागेका कारण नागाकिता पाउन नसकेको बताए। |
| दाङ | ०७३/९/१७ | नेपाल समाचारपत्र | उद्यमी बनिन् महिला लडाकु | | | जनयुद्धकालमा जनमुक्ति सेनाको महिला कमाण्डर सम्हालेकी चन्द्रकला अहिले उद्यमी बनेकी छिन्। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | चन्द्रकला अहिले आफुले उत्पादन गरेको च्याउ घरघरमा पुगेर बेच्न लाज मान्दिनन् । |
| दिपायल | ०७३/१०/११ | अन्नपुर्ण पोष्ट | गाउँमा पुरुष नहुँदा श्रमदानमा महिला | श्रमदानमा महिला | | गाउँका युवा रोजगारीको सिलसिलामा भारततिर लागेपछि गाउँमा हुने ठुला योजना देखि श्रमदान गर्नेदेखि ज्यालादारीको कामसमेत महिलाले गर्दै आएका छन् । उमेर पुगेका पुरुष गाउँमा नहुँदा सडक खन्नेदेखि ढुंगा बोक्नेसम्मका काम समेत सबै महिलाले गर्दै आएका छन् । |
| भक्तपुर | ०७३/११/२४ | अन्नपुर्ण पोष्ट | महिलालई तरकारीखेती तालिम | स्वमलम्बि | पु. | चाँगुनारायण न.पा.को आर्थिक सहयोगमा दुवाकोटस्थित गणेश बहुउद्देश्यीय महिला कृषक समुहले गरेको तालिममा २५ जना महिला सहभागी भएका थिए । |
| काभ्रे | ०७३/१२/९ | राजधानी | महिलाको प्रतिस्पर्धी महिला नै हुनु पर्ने | राजनीति | | ३१ बैशाखमा हुन लागेको स्थानीय निर्बाचनमा अनिवार्य रुपमा दलहरुले प्रमुख वा उप-प्रमुख मध्ये एक पदमा महिला अनिवार्य गरेपछि काभ्रेका महिलाले स्थानीय निकायको निर्वाचनमा महिलाको प्रतिस्पर्धी महिला नै बनाउन प्रमुख दलहरुलाई आग्रह गर्न थालेका छन् । |
| | ०७४/२/१ | जन सवाल | हरित अर्थतन्त्रमा महिला | | पु. | उदाउँदो हरित अर्थतन्त्रमा महिलाको सक्रिय सहभागितामा सहायता गर्नका लागि नीतिको तथा असल शिक्षा, सीपमुलक तालीम र कार्यक्षेत्रमा हुने विभेदका विरुद्ध संरक्षणको खाँचो छ । |
| अछाम | ०७४/२/२३ | राजधानी | प्रमुख पदकी एक्ली महिला उम्मेदवार | राजनीति | पु | अछाममा १० वटा स्थानीय तह मध्ये अनुराधा स्वाँर प्रमुख पदकी एक्ली महिला उम्मेद्वार हुन् । |
| पाल्पा | ०७४/३/४ | हिमालय टाइम्स | पशुपालनतर्फ महिलाको आकर्षण | व्यवसाय | | पाल्पाका महिलाले व्यवसायिकरुपमा पशुपालन व्यवसाय गरेर मनग्य आम्दानी गर्न थालेका छन् । जागिरबाट सामान्य जीवनयापन गर्न अप्ठयारो पर्न थालेपछि उनीहरुले यो व्यवसाय गर्न थालेका हुन् । पशुपालनलाई |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | वलियो आम्दानीको स्रोत बनाएर दिगोरुपमा व्यवसायलाई अगाडि बढाउँदै गएपछि यहाँका महिला आर्थिकरुपमा आत्मनिर्भर समेत बन्दै गएका छन् । |

## महिलाको स्वास्थ्यसँग जोडिएका समाचारहरू

| जिल्ला | मिति | पत्रिकाको नाम | समाचार शीर्षक | बिषय | सम्बाददाता | समाचार/घटना बिवरण संक्षेपमा |
|---|---|---|---|---|---|---|
| डोटी | ०७३/११/२७ | नेपाल समाचारपत्र | पठेघर खसेका महिलाको शिविरमा घुइँचो | स्वास्थ्य | पु. | जिल्ला अस्पताल डोटीमा सञ्चालन गरिएको निःशुल्क शल्यक्रिया शिवरमा बिरामीको चाप अत्यधिक बढेको छ। १ सय १८ भन्दा बढी बिरामी महिला दर्ता हुन आएका छन्। गर्भ अबस्था र सुत्केरी अवस्थामा बढी काम गर्ने र सानो उमेरमा विवाह गरी सन्तान जन्माउने तथा पोषणको कमिले यस्तो समस्या रहँदै आएको छ। यस्तो समस्या भएपनि खुलेर उपचार गराउन आउने महिलाको कमी छ। |
| नवलपरासी | २०७३/१०/६ | गोरखापत्र | विद्यार्थी भर्नामा लैङ्गिक विभेद | लैङ्गिक हिंसा | पु. | तराई क्षेत्रका विद्यालयमा विद्यार्थी भर्ना गरिदां लैङ्गिक विभेद हुने गरेको छ। विद्यालय भर्नाका क्रममा नै बालकहरुलाई निजी अङ्ग्रेजी विद्यालयमा भर्ना गर्ने गरिएको पाइएको छ। |
| वीरेन्द्रनगर | ०७३/५/१४ | नेपाल समाचारपत्र | सुत्केरी हुननसकेकी महिलालाई हेलिकप्टर चार्टर गरी बचाइयो | | पु. | सुत्केरी हुन नसकेकी जीवनमरणको दोसाँधमा रहेकी महिलालाई मध्यपश्चिम क्षेत्रीय स्वास्थ्य निर्देशनालयले हेलिकप्टर चाँटर गरी ज्यान बचाएको छ। |
| धादिङ | ०७३/७/२१ | सौर्य | गुणस्तरयुक्त प्याड उत्पादन गर्दै | | | रजस्वला बेला प्रयोग गरिने प्याड उत्पादनका लागि जर्मन विकास सहयोग (जिआइजेड) ले |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | महिला | | | यन्त्र खरीद गरी महिलालाई तालिम दिएपछि विकट गाविसमा रहेको समेजोडमा जिल्लामै पहिलो पटक यस्तो उद्योग सञ्चालन गरिएको हो। महिनावारी हुँदा प्रयोगमा ल्याइने प्याड गाउँमा हरेक महिना लाखौँमा खरिद हुने गरेको थियो। |
| डोटी | ०७३/९/७ | हिमालय टाइम्स दैनिक | महिलामा यौनरोग संक्रमण खतरा | यौन रोग | | पुरुषमा भन्दा महिलामा यौनरोग संक्रमणको खतरा बढेको एक तथ्याङ्कले देखाएको छ। असुरक्षित यौनसम्पर्क र गलत परम्पराले समेत यौनरोगी बढिरहेका छन्। |
| नवलपरासी | ०७३/११/९ | नागरिक | आगो लगाएर पत्नीको हत्या | हत्या | | घरायसी झै-झगडाको कारण मुसहरले शनिबार राति ३३ बर्षीय नदेरु मुसहरलाई शरीरमा मट्टीतेल लगाएर आगो लगाएका थिए। आर्थिक अवस्था कम्जोर रहेका दुवैजनाले हरेक दिन मादक पदार्थ सेवन गर्ने र सानोतिनो कुरामा झगडा गर्ने गरेको स्थानीयले बताए। |
| नुवाकोट | ०७३/८/१९ | नेपाल समाचारपत्र | बिहेको नटक गरी महिलाको हत्या | हत्या | | भुकम्पमा आफ्नो जीवनको सहारा श्रीमान् गुमाँउदा विछिप्त बनेकी प्रतिमा अमात्यलाई बाँकी जिन्दगी बाँच्ने अर्को पुरुषको अभाव खड्किरहेको थियो। १९ वर्षे तन्नेरी केटो प्रेमी बनेर उनका जीवनमा साथ दिन आइपुग्यो र यो नै उनका लागि सोचेभन्दा ठुलै बरदान थियो। उमेरले आमा सरहकी उनै प्रतिमासँग प्रेमको नाटक गरी गएको जेठमा हत्या गरेर फरार भएका रसुवा ठुलेगाँउ ६ का गजलकार दादा भनिने १९ वर्षिय युवा रमेश तामाङ फरार भएका छन्। |
| धनुषा | २०७३/१२/१२ | सौर्य दैनिक | छोरी जन्माएको निहुँमा पत्नीको हत्या | | | धनुषाधाम नगरपालीका ७ सरस्वतीपुर रामस्वरुपकी छोरी मिनतादेवी दासले छोरी जन्माएको आरोपमा पतिले हत्या गरेको छ। |

## विभिन्न पत्रपत्रिकामा आएका महिला/लैङ्गिकता सम्बन्धी लेख तथा रचनाहरू

| मिति | पत्रिकाको नाम | लेख शिर्षक | लेखक |
|---|---|---|---|
| ०७३/५/१८ | राजधानी दैनिक | एउटी पीडित महिलाको पेसेवर रुप | |
| ०७३/४/४ | नेपाल समाचारपत्र | महिला प्रहरीको ड्युटीमै आत्महत्या प्रयास | |
| ०७३/४/६ | जनधारणा | महिला सशक्तीकरणका लागि पहिलो प्राथमिकता | म. |
| ०७३/४/१६ | सौर्य | कुनैबेला 'पागल' भनिएकी रुपा | |
| ०७३/४/१६ | कारोबार | लैंङ्गिक सशक्तीकरणका आर्थिक पक्ष | |
| ०७३/४/१७ | नयाँ विकल्प | महिलालाई भागवण्डा होइन सम्मानजनक सहभागिता चाहिन्छ। | म. |
| ०७३/४/१९ | अन्नपुर्ण पोष्ट | एकल पुरुष भन्न कहाँ पाइन्छ ? | म. |
| २०७३/४/२३ | राजधानी | विश्वको इतिहास र वर्तमानमा महिला नेतृत्व | |
| ०७३/५/१० | कमाण्डर पोष्ट | सुचनाको हकमा महिला | म. |
| ०७३/५/१० | रोडम्याप | पारिवारिक मारमा महिला | म. |
| ०७३/५/१० | जनआस्था | किन खनिन्छन् महिलामाथि कलम | म. |
| ०७३/५/१२ | जनमञ्च | पुनर्निर्माण सँगसँगै महिला स्वामित्वको सवाल | म. |
| ०७३/५/१३ | नेपाल समाचारपत्र | खै महिला क्याबिनेट मन्त्री | म. |
| ०७३/५/१४ | मजदुर | आमाको उपचार गर्न नसकेर रोएको त्यो दिन | |
| २०७४/६/१२ | जनआस्था | बाबु त ठिकै हुन् , सासु नै खत्तम | म. |
| ०७३/६/३ | कमाण्डर पोष्ट | महिला : समविकास र सक्षम नेतृत्व | म. |
| ०७३/६/१८ | नागरिक | आयोगभित्र म आँफै पीडित छु | |
| ०७३/७/२८ | कान्तिपुर | घरेलु काममा विदेश जाने महिलाको ताँती | |
| ०७३/७/२० | कान्तिपुर | मोडेल बन्न चाहन्छिन् तरकारीवाली | |

| | | | |
|---|---|---|---|
| ०७३/८/७ | अन्नपुर्ण पोष्ट | सय महिलाको सूचीमा पुर्वकुमारी | म. |
| ०७३/८/१६ | कान्तिपुर | दार्शनिकका विश्लेषणमा महिला | म. |
| ०७३/८/२५ | अन्नपुर्ण पोष्ट | बाबुरामले रात बिताएको बस्तीको पीडा | पु. |
| ०७३/८/२४ | कान्तिपुर | हिंसाका हजार रुप | |
| ०७३/८/१८ | हिमाल | गोठमा हुर्कदैंछ एउटा पुस्ता | म. |
| ०७३/८/११ | कान्तिपुर | किन रोकिन्न लैंङ्गिक हिंसा ? | पु. |
| ०७३/८/११ | गोरखापत्र | विश्व दृष्टिमा महिला | म. |
| २०७३/८/२३ | कान्तिपुर | राजनीतिमा महिला हिंसा | म. |
| २०७३/८/२३ | नेपाल समाचारपत्र | महिलालाई अधिकार पुसिक्यो ? | म. |
| २०७३/८/२३ | नेपाल समाचारपत्र | अभियान बढ्यो तर हिंसा घटेन | |
| २०७३/८/२३ | प्रभाब | मैले सासुको खुट्टा किन ढोग्ने ? | |
| ०७३/८/१२ | प्रभाब | पुरुष हिंसाविरुद्ध पनि बोल्ने कि ? | म. |
| ०७३/८/१७ | मधेशवाणी | विश्वमा महिला हिंसा | म. |
| ०७३/८/१९ | अन्नपुर्ण पोष्ट | हो म 'आइमाई' | म. |
| ०७३/८/१९ | नयाँ पत्रिका | हिंसापीडित महिलाको सुरक्षा खै ? | म. |
| ०७३/८/२५ | अन्नपुर्ण पोष्ट | छोरी बचाऔं प्रकृति बचाऔं | पु. |
| ०७३/९/२ | कान्तिपुर | सुरक्षित र महिला हिंसामुक्त सार्वजनिक यातायात | म. |
| ०७३/९/२ | जनसवाल | नेपाली महिला र वैदेशिक रोजगार | म. |
| ०७३/९/२ | नागरिक | लक्ष्मी परियारको नीयति | पु. |
| ०७३/९/२० | प्रभा | सामाजिक संजालको प्रयोगले बढ्दै महिला हिंसा | म. |
| ०७३/९/२४ | गोरखापत्र | राजनीतिभित्र महिला हिंसा | म. |

| | | | |
|---|---|---|---|
| ०७३/१०/११ | सौर्य | सिउँदो पखालिन कहिले रोकिन्छ सरकार ? | |
| ०७३/७/३० | प्रभाब | गर्भवती, बालबालिलकादेखि कोटधारीसम्म सडकको बास | |
| ०७३/८/२८ | दृष्टि | राजनीति फेरियो, कुरीति फेरिएन | म. |
| ०७३/८/२४ | कान्तिपुर | हिंसाका हजार रुप | |
| ०७३/८/१८ | हिमाल | गोठमा हुर्कदैछ एउटा पुस्ता | म. |
| ०७३/८/११ | कान्तिपुर | किन रोकिन्न लैंगिक हिंसा ? | पु. |
| २०७३/१०/६ | कान्तिपुर | न्यायाधीश हुने महिला नभएकै हुन्? | म. |
| २०७३/१०/६ | राजधानी | कुनै चुनौतीपुर्ण बन्दै छ महिला हिंसा | |
| ०७३/११/२५ | राजधानी | महिला मुक्तिको सवालमा हाम्रो दायित्व | म. |
| ०७३/११/२५ | कान्तिपुर | अब महिला-पुरुष बराबरी सहभागिता’ | |
| ०७३/११/२६ | गोरखापत्र | महिला उत्थानमा सामुहिक प्रतिबद्धता | |
| ०७३/१२/८ | कान्तिपुर | एउटी महिला राष्ट्रपति बन्दैमा स्थिति फेरिन्न’ | |
| ०७३/९/१३ | नेपाल समाचारपत्र | सुत्केरी महिलाले आयोडिनयुक्त नुन पनि पाएनन् | |
| ०७३/९/१३ | बुधबार | पीडित महिलासम्म पहुँच नपुग्न सक्छ | |
| ०७३/९/१३ | घटना र बिचार | नेपालमै केयरगिभर हुन तयार छु | म. |
| ०७३/९ /१० | कान्तिपुर | दबाबमा मेलमिलाप | |
| ०७३/९/३१ | कान्तिपुर | नेतृत्व लिन महिला तयार | |
| २०७३/१२/१४ | हिमालय टाईम्स | नटिकेको बालविवाह | पु. |
| २०७३/१२/१४ | प्रभाब | कसरी भइन् उनी चरित्रहिन | म. |
| २०७३/१२/२६ | गोरखापत्र | महिला नेतृत्वको उदाहरण ‘जयलक्ष्मी’ | म. |
| ०७४/१/१ | गोरखापत्र | दलित महिला उम्मेद्वारमा जटिल | |

| | | | |
|---|---|---|---|
| ०७४/१/१ | हिमालय टाईम्स | घुम्ती पसलले बदल्यो जीवन | म. |
| ०७४/१/४ | नेपाल समाचार पत्र | महिला नेतृत्व अझै चुनौतीमै | |
| ०७४/१/४ | समय समाज | नयाँ सञ्चार : सबैजसो दुर्व्यवहार महिलामाथि | |
| ०७४/१/६ | जनआस्था | दाइजो फर्काउने कि बेहुली दाजै ? | म. |
| ०७४/१/६ | नेपाल समाचार पत्र | स्थानीय निर्वचनमा महिला नेतृत्व | |
| ०७४/१/११ | हिमालय टाईम्स | आमाको मुख हेर्ने दिन | |
| ०७४/१/२२ | कान्तिपुर | महिला जनसंख्यामा धेरै, मतदातामा कम | म. |
| ०७४/१/२६ | जनसवाल | भारीमाथि नानी बोकेर | |
| ०७४/१/२७ | कान्तिपुर | पुरुषलाई प्रमुख, महिलालाई उप | |
| ०७४/१/२५ | जनभवाना | एकल महिला : राहत न अनुदान | |
| २०७४/२/९ | सौर्य | नारीलाई शिक्षा, ज्ञान, धन र शक्तिको स्रोत | म. |
| २०७४/२/९ | मध्यान्ह | दाइजो प्रथा मधेशको विकृति | म. |
| ०७४/३/१४ | कान्तिपुर | एउटी आमाको आँसु | पु |
| ०७४/३/१५ | महिमा | छोरी मरे अर्की जन्माउँला | पु |
| ०७३/८/११ | गोरखापत्र | विश्व दृष्टिमा महिला | म. |
| २०७३/८/२३ | कान्तिपुर | राजनीतिमा महिला हिंसा | म. |
| २०७३/८/२३ | नेपाल समाचारपत्र | महिलालाई अधिकार पुसिक्यो ? | म. |
| २०७३/८/२३ | नेपाल समाचारपत्र | अभियान बढ्यो तर हिंसा घटेन | |
| ०७३/९/२ | जनसवाल | नेपाली महिला र वैदेशिक रोजगार | म. |
| २०७३/१२/१२ | अन्नपुर्ण पोष्ट | 'कन्या'दान कि कन्या विवाह ! | |

## अनुसूची

- पत्रिकाको नाम
- राजधानी दैनिक
- कान्तिपुर दैनिक
- सौर्य समाचार
- नागरिक दैनिक
- नेपाल समाचारपत्र दैनिक
- बुधबार साप्ताहिक
- घटना र बिचार साप्ताहिक
- प्रभाव दैनिक
- हिमालय टा. दैनिक
- जनआस्था साप्ताहिक
- नयाँ पत्रिका दैनिक
- समय समाज साप्ताहिक
- नेपाल समाचार पत्र
- अन्नपुर्ण पोष्ट
- नयाँ पत्रिका दैनिक
- गोरखापत्र दैनिक
- हिमालय टाईम्स दैनिक
- जनसवाल दैनिक
- जनभवाना साप्ताहिक
- अन्नपुर्ण पोष्ट दैनिक
- प्रभाव दैनिक
- दृष्टि साप्ताहिक
- कमाण्डर पोष्ट दैनिक
- मधेशवाणी साप्ताहिक
- प्रभाव दैनिक